खुकुलो मौद्रिक नीति ल्याउँदा अर्थतन्त्र चलायमान... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ५१ • २०८० साल असार २५ गते सोमबार (10 July, Monday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## सानोपाइला सहकारीको निक्षेप जोखिममा



**टुडे समाचारदाता**

वीरगञ्ज । देशभरि नै ठूला सहकारीमा निक्षेपकर्ताहरुको रकम डुब्न थालेको बेला वीरगञ्जका सानोपाइला सहकारी संस्थाले पनि रकम फिर्ता गर्न आलटाल गर्न थालेको छ । वीरगञ्ज महानगरमा रहेको सानोपाइला सहकारी संस्थामा निक्षेप जम्मा गरेका बचतकर्ताहरुको रकम फिर्ता दिन आलटाल गरेपछि बचतकर्ताहरुले विभिन्न निकायहरुलाई गुहारेका छन् ।

बचतकर्ताहरुले संस्थाको रकम अन्यत्र चलाएको आरोप लगाउँदै बचत रकम फिर्ता गराइदिन विभिन्न निकायहरुलाई गुहारेका छन् ।

सहकारीका संस्थापक जी.वी. राईलाई वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले बचतकर्ताको बचत तत्काल फिर्ता गरी संस्थामा देखिएको समस्या समाधान गर्न आइतबार निर्देशन दिएका छन् ।

सहकारी संस्थाका सस्थापक राई, कोषाध्यक्ष कुमार रम्तेल, वीरगञ्ज स्थित कार्यालयका व्यवस्थापक असरफ अलीलाई महानगरमा झिकाएर नगर प्रमुख सिंहले बचतकर्ताको कुनै पनि गुनासो नआउने गरी तत्काल समस्या समाधान गर्न निर्देशन दिएका छन् ।

'बचतकर्ताको निक्षेपको विवरण र ऋण लगानी गरेकाहरुको रकम खुल्ने गरी विवरण तीन दिन भित्र महानगरमा बुझाउनुस ' सिंहले भने, बचतकर्ताको वित्तीय हितलाई मध्यनजर गर्दै १ लाख रुपैयाँभन्दा कम निक्षेप रहेका बचतकर्ताहरुको निक्षेप तत्कालै क्रमबद्ध रुपमा फिर्ता गर्नोस् ।

आफ्नो वित्तीय स्थिति खुल्ने श्वेत पत्र साउन १५ भित्र तयार गरी सार्वजनिक गर्न र सोको विवरण महानगरलाई बुझाउने संस्थापक राईलगायतका सञ्चालकहरुले लिखित सहमति गरेका छन् ।

काठमाण्डुलगायत देशका विभिन्न शहरहरुमा सञ्चालित करोडौ निक्षेप संकलन गरेका ठूला सहकारी संस्थाहरुले सर्वसाधारणको बचत अपचलन गरेका छन् । लगानीकर्ताको बचतलाई अन्य क्षेत्रमा निजी नाममा लगानी गरेपछि सहकारीहरु धमाधम धराशायी हुन थालेका छन् । देशका कयौं सहकारीमा सर्वसाधारणको अर्बौं रुपैयाँ निक्षेप रहेको छ । कान्तिपुर सहकारी, सुमेरुलगायतका सहकारीहरु ठूलामा गनिन्छ ।

## संशोधन विधेयक पारित

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले केही ऐनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनाएको विधेयक प्रदेशसभाबाट पारित भएको छ । आइतबार 'मधेश प्रदेशका केही ऐनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०' संसदबाट सर्व सहमतले पारित भएको छ ।

प्रदेशको नामकरण भइसकेको छ । तर, अव बन्ने ऐनमा मधेश प्रदेश राख्न बाञ्छनीय भएको हुनाले सरकारले यो ऐन बनाएको छ ।

विधेयक सर्वसहमतिले पास भएपछि सभामुख रामचन्द्र मण्डलले उक्त विधेयकको दफा २ र ३ विधेयकको अंग बनोस् भन्ने निर्णयाथ प्रस्तुत गरेका थिए । यी दफा पनि सर्वसहमतिले पारित भएर विधेयक ऐनको अंग बनेको सभामुख मण्डलले घोषणा गरेका थिए ।

यो ऐन महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालयले गत जेठ १० गते प्रदेशसभामा दर्ता गराएको थियो । दर्ता गराएको एक सातापछि उक्त विधेयकमाथि सामान्य छलफल सुरु भएको थियो । पारित भएको विधेयकको आधारमा विगतको सरकारले बनाएको सबै ऐनमा प्रदेशको नाम संशोधन हुनेछ ।

# रकमान्तर नियमित प्रक्रिया : अर्थमन्त्री

**कमलेश ठाकुर**

जनकपुरधाम । मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले रकमान्तर कानुन अनुसार भएको बताएका छन् । आइतबार पहिलो अधिवेशनको २९ औं बैठकमा बोल्दै उनले सो कुरा बताए छन् ।

'कुनै पनि कानुनमा, कही पनि बजेट प्रस्तुत भएपछि रकमान्तर गर्न पाइदैनन् भनेर लेखिएको छैन,'उनले भने,'आवश्यक हुनैपर्ने, कानुनले मिल्ने र गर्नैपर्ने रकमान्तर स्वभाविक रुपमा गर्न सकिन्छ । रकमान्तर प्रदेश सरकारको नियमित प्रक्रिया हो ।' वित्तीय अनुशासन कायम गर्न सरकार प्रतिबद्ध रहेको उनले बताए ।

कार्यक्रममा रकम अपुग भएपछि रकमान्तर गर्ने सरकारको अधिकार क्षेत्रभित्र रहेको उनको कथन थियो । चालु आर्थिक वर्षको ५ महिनामा सरकारले विकास खर्चको प्रतिशत बढाएको दाबी गर्दै पछिल्लो समयमा सरकारले गति लिएको बताए । सांसदहरुले उठाएका तमाम विषयलाई सरकारले छानबिन गर्ने उनले आश्वासन दिए ।

'म पुनः सरकारको तर्फबाट के प्रतिबद्धता गर्न चाहन्छु भने उहाँहरुले उठाएको तमाम विषयलाई सरकारले छानबिन समिति बनाएर छानबिन गर्छ,'उनले भने,'एउटा मात्रै विषयलाई होइन्, तमाम विषयलाई । मन्त्रालयगत्त योजना सञ्चालन होस् वा संसदीय विकास कोषका योजना सञ्चालन होस् । वा, स्थानीय तहलाई दिइने अनुदानको विषय होस् । यसमा समुचित छानबिन हुने छ ।' सदनमा अफवाह जस्ता कुरा नउठाउन उनले अनुरोध गरे । प्रमाणसहित सांसदहरुले अवाज उठाए प्रभावकारी हुने उनले सुझाए ।

अर्थमन्त्री यादवले सभामा आगामी आर्थिक वर्षको विनियोजन विधेयक ०८० प्रस्तुत गरेका थिए । उक्त विधेयकमाथि खर्च कटौतीको प्रस्ताव २४ घण्टाभित्र सचिवालयमा पेश गर्न समय दिइएको छ । बैठक सोमबार दिउसो १ बजे सम्मको लागि स्थगित भएको छ । अर्थमन्त्री यादवले प्रदेश



सरकारको आर्थिक वर्ष ०८०/०८१ माथि सामान्य छलफल प्रारम्भ गर्ने प्रस्ताव पेश गरेका थिए । उक्त छलफलमा भाग लिँदै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सांसद उपेन्द्र महतोले विधेयकमा रकमान्तर हुने कार्यलाई निरुत्साति गर्ने लेखिएको हुनाले निरुत्साहित गरिने छैन लेख्न भन्दै व्यंग्य गरे । 'असार मसान्तमा हुने रकमान्तर र नयाँ कार्यक्रम स्वीकृतलाई निरुत्साहित गरिने छ भनेर लेखिएको छ । गरिने छैन, भनेर लेख्दा राम्रो हुनेथियो होला,'सरकारमाथि व्यंग्य गर्दै उनले भने ।

प्रदेश सरकारको योजनामा वडा कार्यालयको सिफारिसमा मात्रै हुने व्यवस्था छ । यस व्यवस्थालाई संशोधन गरी वडाध्यक्ष, सम्बन्धित वडाका निर्वाचित जनप्रतिनिधि वा सम्बन्धित क्षेत्रका प्रदेशसभा सांसद भनेर व्यवस्था गर्न उनले माग गरे । यस छलफलमा अन्य सांसदले भाग लिएनन् ।

## 'एमालेको छातीमा ढुंगा प्रहार भयो'



नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादवले नेकपा एमालेको छातीमाथि मधेश सरकारले ढुङ्गा प्रहार गरेको बताएका छन् । रचनात्मक प्रतिपक्षको रुपमा साथ सहयोग हुँदा हुँदै एमालेको छातीमा सरकारले ढुङ्गा प्रहार गरेको उनको कथन थियो । 'सत्तापक्षले मात्रै चाहेर मधेश प्रदेश बन्दैनन् ' उनले भने, प्रतिपक्षको साथ आवश्यक छ ।'उनले भने,'तर सरकारले यी सबै भावना र साथ सहयोगलाई तिलाञ्जली दिँदै नेकपा एमालेको छातीमा ढुङ्गा हानेको छ । नेकपा एमालेमाथि भएको आक्रमण हामीलाई सह्य भएन् ।'

बजेट वक्तव्य आइसकेपछि करिव ७० करोड रुपैयाँको योजनाहरु रकमान्तर गरेको उनले बताए । असार १ गते पछि सरकारले १५ दिने योजना ल्याएर रकम दुरुपयोग गर्न खोजेको उनले दाबी गरे । 'सरकारले कानुनमै रहेर रकमान्तर गरेको भने जवाफ दिन सक्छ । तर १५ दिनमा हुने कामले कस्तो गुणस्त्तरीयता दिन्छन् ?,'उनले प्रश्न गरे । सशर्त अनुदान न्यायोचित ढङ्गले वितरण नभएको र नेकपा एमालेले जितेको स्थानीय तहमा अनुदान नै नपठाएको उनले जनाए ।

सरकार पारदर्शी हुनुपर्ने ,सशर्त अनुदान न्यायोचित ढंगले वितरण हुनुपर्ने उनले माग गरे । 'कुनै पालिकामा ५० लाख, कुनैमा दुई करोड र कुनैमा एक रुपैयाँ पनि नदिनु विभेद हो,'उनले भने,'हामीले सदन अवरुद्ध गरेपछि मुख्यमन्त्रीले आश्वासन दिएका थिए । तर पनि सशर्त अनुदान पठाइएन् ।'

## खेतमै कृषकको मृत्यु

**ओम प्रकाश यादव**

गरुडा । रौतहटमा खेतमा काम गर्दा गर्दै एकजना कृषकको मृत्यु भएको छ । मौलापुर नगरपालिका-९ सोनरनियाका मनिर मिया अन्सारीको खेतमा काम गर्ने क्रममा मृत्यु भएको छ ।

आइतबार बिहान गाउँ नजिकै रहेको आफ्ना खेतमा कोदालो चलाइरहेको अवस्थामा चर्को गर्मीका कारण अन्सारीको मृत्यु भएको बताइएको छ । चर्को गर्मीले अचेत भएर अन्सारीको मृत्यु भएको हुनसक्ने आशंका छ तर अन्सारी पहिलादेखि नै क्षय रोगबाट ग्रसित रहँदै आएकोले क्षय रोगकै कारण उनको मृत्यु भएको स्थानीयहरुले बताएका छन् । अन्सारी लामो समयदेखि क्षय रोगसंग जुध्दै आएका थिए ।

दुईछाक टार्न खेतमा काम गर्ने क्रममा गरीब किसानको दुखद निधन भएको भन्दै पूर्व मन्त्री एवम् आम जनता पार्टीका अध्यक्ष प्रभु साहले दुख व्यक्त गरेका छन् । खेतमा काम गर्दा गर्दै



निधन हुने किसानको परिवारलाई राहतको व्यवस्था गर्न उचित देखिएकोले मृतका परिवारलाई राहत स्वरूप अवश्यक क्षतिपूर्ति उपलब्ध गराउन सरकार समक्ष माग अध्यक्ष साहले गरेका छन् ।

## कोशी प्रदेशमा थप मन्त्रीको शपथ, मुद्दा 'हेर्न नभ्याइने' मा

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेश सरकारमाथि सर्वोच्च अदालतमा परेको मुद्दा 'हेर्न नभ्याइने'मा परेपछि आइतबार नै थप तीन मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् ।

मुख्यमन्त्री उद्धव थापाले माओवादी केन्द्रबाट जीवन आचार्य, राजेन्द्र कार्की र कांग्रेसबाट रामकुमार खत्रीलाई मन्त्रीमा नियुक्त गरेका छन् ।

उनीहरूमध्ये जीवन आचार्यलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी तोकिएको छ । अन्य मन्त्रीहरू बिना विभागीय रहेका छन् । मन्त्री आचार्य प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'का ज्वाइँ हुन् ।

यससँगै कोशी प्रदेशको मन्त्रीमण्डल ६ सदस्यीय भएको छ । यसअघि कांग्रेसबाट प्रदीपकुमार सुनुवार र नेकपा एसबाट कमल जबेगु मन्त्री बनेका थिए ।

प्रदेश सभामा प्रमुख प्रतिपक्षी दलका नेता बनेका नेकपा एमालेका निवर्तमान मुख्यमन्त्री हिक्कमत बहादुर कार्कीले सरकार विरुद्ध सर्वोच्च अदालतमा उत्प्रेषणद्वारा नियुक्ति बदरको माग गर्दै मुद्दा दर्ता गरेका छन् । शुक्रबार दर्ता भएको मुद्दाको आइतबार पेशी तोकिएको थियो ।

सभामुख समेतले सरकार गठनका लागि हस्ताक्षर गरेपछि कार्कीले गैरकानुनी भन्दै सरकार उद्धव थापा नेतृत्वको सरकारलाई भंग गर्न माग गरेका छन् ।

यता जीवन आचार्यलाई दोहोऱ्याएर मन्त्री बनाउने माओवादी केन्द्रको निर्णयप्रति सांसदहरुले असन्तुष्टि व्यक्त गरेका छन् । उदयपुरका सांसद नारायण बुर्जा मगरले आइतबार सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै आफूले पदबाट राजीनामा दिने मनस्थिति बनाएको बताएका छन् । माओवादी नेताहरुका अनुसार आइतबार बिहानसम्म पनि माओवादीबाट मन्त्री हुनेको नाममा बुर्जाको नाम सामेल थियो ।

तर, शपथ लिने बेलामा प्रधानमन्त्री प्रचण्डका ज्वाइँ रहेका जीवन आचार्य र राजेन्द्र कार्कीको नाम परेपछि माओवादीमा असन्तुष्टि चुलिएको छ । उदयपुरका बुर्जा प्रदेश सभामा दोस्रोपटक निर्वाचित सांसद हुन् ।

सरकारमा आचार्य बाहेक नियुक्त भएका मन्त्रीहरुलाई विभाग तोकिएको छैन् ।बुर्जाले राजीनामा दिए सरकार धराशायी हुने निश्चित छ । ९३ सदस्यीय कोशी प्रदेशमा विपक्षमा ४६ जना सभासद रहेका छन् । नेकपा एमालेका ४० र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)का ६ जना सभासद सरकारको विरोधमा छन् ।

सभामुख समेतले हस्ताक्षर गरेको विरोधमा कार्की सर्वोच्चमा पुगेका छन् । तर बुर्जाले पनि राजिनामा दिए सरकारलाई बिबादमा परेका सभामुखले समेत जोगाउन सक्ने छैनन् ।

मन्त्रिपरिषद् विस्तारमा सत्ता गठबन्धनकै घटक एकीकृत समाजवादीले समेत असन्तुष्टि जनाएको छ ।

गठबन्धनमा छलफल नै नगरी मन्त्रिपरिषद् विस्तार गरिएको भन्दै एकीकृत समाजवादीका प्रदेश संसदीय दलका नेता राजेन्द्र राइले सरकारलाई विश्वासका मत दिने नदिनेबारे समेत सोच्नुपर्ने बताए ।



# कक्षा ११ मा भर्नाको योग्यताबारे विद्यालयलाई स्मरण

काठमाण्डु । कक्षा ११ मा भर्नाका लागि माध्यमिक शिक्षा परीक्षा, कक्षा १० को अध्ययन पूरा गरी एसइईको परीक्षाफलमा न्यूनतम् औसत ग्रेड प्वाइन्ट (जिपिए) का १ दशमलव ६ प्राप्त गरेका विद्यार्थी योग्य हुने सूचित गरिएको छ।

राष्ट्रिय पाठ्क्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७९ भदौ १९ को बैठकको निर्णयअनुसार पाठ्यक्रम विकास केन्द्र, सानोठिमीले गरेको पत्राचारका आधारमा राष्ट्रिय परीक्षा बोर्डले सोबारे सूचित गरेको हो। बोर्डको बाग्मती प्रदेश कार्यालयले आज कक्षा ११ सञ्चालन गरिरहेका शिक्षालयका प्रधानाध्यापकलाई पत्र पठाई सोही अनुसार भर्ना गर्न र गराउन भनेको छ। रासस

# सर्वोच्च अदालतको निर्णयलाई सरकारले स्वीकार्छ : मुख्यमन्त्री थापा

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले सर्वोच्च अदालतको निर्णय सरकारले स्वीकार गर्ने बताउनुभएको छ।

कोशी प्रदेशको मन्त्रिमण्डल विस्तारपश्चात् सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले नेकपा (एमाले) प्रदेश सरकार गठनका विरुद्धमा शुक्रबार सर्वोच्चमा दायर गरेको मुद्दामा अदालतबाट आउने जुनसुकै निर्णयलाई स्वीकार गर्ने प्रस्ट पार्नुभयो। मुख्यमन्त्री थापाले प्रदेशमा साउन १ गतेदेखि लागू गर्नुपर्ने बजेटको अवस्थालाई हेरर मन्त्रिमण्डल विस्तार गर्न हतारिएको बताउनुभयो । प्रदेशको बजेटसम्बन्धी सम्पूर्ण कार्य अर्थसँग जोडिएकाले आर्थिक मामिलामन्त्री नियुक्ति गरेको बताउँदै उहाँले अर्थसँग जोडिएका कार्यलाई निकास दिनु सरकारको महत्त्वपूर्ण कार्य भएको धारणा राख्नुभयो।

मुख्यमन्त्री थापाले प्रदेशमा गठबन्धन दलहरूबीच मन्त्रिमण्डल गठनमा सहमति रहेको र यसमा कुनै विवाद छैन भन्दै नेकां दुई, नेकपा (मोओवादी केन्द्र) दुई, नेकपा (एकीकृत समाजवादवादी) एक, समाजवादी पार्टी नेपालले एकजना मन्त्री पठाउने निर्णय भएको जानकारी दिनुभयो। उहाँले वर्तमान सरकारले ३० दिनभित्र विश्वासको मत लिनुका साथै सोही अवधिमा मन्त्रिमण्डललाई पूर्णता दिने बताउनुभयो। रासस

### संसद् खोल्न केपी ओलीको शर्त


# प्रधानमन्त्रीको प्रेस सल्लाहकार हटाउनुपर्ने, श्रेष्ठले माफी माग्नुपर्ने !

**टुडे समाचारदाता**

काठमाण्डु । अवरुद्ध सदन खुलाउनेबारे सिंहदरबारमा आइतबार भएको प्रमुख तीन दलका शीर्ष नेताबीचको सहमति एक घण्टा पनि टिकेन । आइतबार बिहान प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीसँग गरेको छलफलमा एमालेले संसद्को अवरोध हटाउने र प्रधानमन्त्री प्रचण्डले आफ्नो अभिव्यक्तिबारे सदनमा स्पष्टीकरण दिने सहमति भएको थियो ।

सोही सहमति अनुसार आइतबार १ बजेका लागि बोलाइएको बैठक सभामुख देवराज घिमिरेले ३ बजेलाई सारेका थिए । तर सिंहदरबारमा करिब २ घण्टा भएको तीन शीर्ष नेताहरूको भेटवार्ता र छलफलको सहमतिबाट आधा घण्टा नबित्दै एमाले अध्यक्ष केपी शर्मा ओली 'यूटर्न' भएको माओवादी केन्द्रका नेताहरूको भनाइ छ ।

'सिंहदरबारमा सहमति गरेर निस्केको आधा घण्टापछि ओलीले फोन गरेर 'भएन' है भन्नुभयो । भएन भनेपछि उहाँले संसद् अवरोध गर्ने नै देखियो, त्यसैले आइतबारको बैठक स्थगित भएको हो', माओवादी



केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले रातोपाटीसँग भने । तर एमाले प्रमुख सचेतक पदम गिरीले प्रधानमन्त्री प्रचण्डकै आग्रहमा आइतबारको बैठक सोमबारलाई सारेको दाबी गरे । 'हामी त सहमतिअनुसार अघि बढ्न तयार थियौँ तर प्रधानमन्त्रीले नै सोमबारसम्म बैठक स्थगित गर्नु भनेर सभामुखलाई भन्नुभएछ', प्रमुख सचेतक गिरीले भने ।

स्रोतका अनुसार सिंहदरबारबाट सहमति गरेर निस्केको आधा घण्टामै अध्यक्ष ओलीले प्रधानमन्त्री प्रचण्डलाई फोन गरेका थिए। 'प्रधानमन्त्रीलाई फोन गरेर प्रधानमन्त्रीका सल्लाहकार गोविन्द आचार्यले जारी गरेको विज्ञप्ति र उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले ट्वीटरमा लेखेको विषयमा अड्को थाप्नुभयो', प्रधानमन्त्रीको सचिवालयका एक सदस्यले भने ' यो त अति भयो ।'

## केपी ओलीले आज पशुपतिमा 'क्षमापूजा' गर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले असार २५ गते सोमबार पशुपतिमा क्षमा पूजा गर्ने भएका छन् । जलहरी प्रकरणमा मुछिएपछि ओलीले पशुपतिमा क्षमा पूजा गर्न लागेका हुन् । त्यसका लागि ओलीले पशुपति क्षेत्र विकास कोषमा जानकारी गराइसकेका छन् । 'केपी ओली र उहाँकी पत्नी राधिका शाक्य सोमबार बिहान नौ बजेपछि पशुपतिमा पूजा गर्न आउने जानकारी आएको छ', पशुपति क्षेत्र विकास कोषका एक अधिकारीले रातोपाटीसँग भने,'पूजा भनिएपनि क्षमा पूजा नै गर्ने हो ।'

स्रोतका अनुसार पशुपतिमा जलहरी प्रकरणमा विवाद भएपछि ताम्रपत्र र गर्भगृहमा लेखिएको नाम हटाइएपछि ओलीले क्षमा पूजा गर्न लागेका हुन् । तर ओलीको सचिवालयले भने त्यसबारे आफूलाई कुनै जानकारी नभएको बताएको छ । अध्यक्ष ओलीका प्रेस संयोजक रामशरण बजगाईंले भने, ' मलाई त थाहा छैन, मैलेचाहीं सुनेको छैन ।'

यसैबीच गर्भगृहको पूर्व-उत्तरमा राखिएको ताम्रपत्र (एक बाई दुई फिटको) मा तत्कालीन राष्ट्रपतिसहितका सम्बन्धितको नाम रहेकामा सो नाम हाल आएर हटाइएको छ ।

# श्रम स्वीकृति लिएर जोर्डन हिँडेका १५ महिलालाई अध्यागमनले विमानस्थलबाटै फर्कायो

काठमाण्डु । वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर जोर्डन हिँडेका १५ जना नेपाली महिलालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन कार्यालयले आइतबार फर्काएको छ ।

एससीसी म्यानपावर कम्पनीमार्फत जोर्डनको बहुर्राष्ट्रिय कम्पनी मास क्रेडा अल सफीमा काम गर्न अनुमति पाएका महिलाहरुलाई अध्यागमनबाट फिर्ता पठाएको हो । उनीहरु शून्य लागतमा जोर्डनको रोजगारीमा छनोट भएका हुन् । ती महिला श्रमिकहरुको सबै सेवा शुल्क, भिसा, टिकट, स्वास्थ्य परीक्षणलगायत खर्च रोजगारदाता कम्पनीले नै ब्यहोरेको थियो ।

अध्यागमन कार्यालयले वर्किङ भिसा नदेखिएको र लगानी मन्त्रालयले भिसा नवीकरण गर्न सम्बन्धित निकायलाई अनुरोध गरेको पत्र भएकोले प्रस्थान दिन नसकिएको पत्र दिएको छ । अध्यागमन कार्यालयले रतनकाली घर्तीमगर, तुलसा कुँवर, विना तामाङ, अमनी तिरुवा, अपर्णा सुनुवार, रेनुका विश्वकर्मा, मञ्जु कामी, सुनिता दोङ, सृष्टि कोइराला सार्कीलगायत १५ जनालाई रोकेको हो। उनीहरुको आइतबार बिहान १० बजे एयर अरेबियाको उडान थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले अध्यागमन विभागले अनावश्यक दुःख दिएर व्यवसायीहरुलाई आतंकित बनाएको बताए । 'जोर्डनको लागि पेपर भिसा हुन्छ । त्यो अध्यागमनलाई थाहा छ । अनलाइनमा नदेखिने भएकोले त्यहाँको परराष्ट्र मन्त्रालयले प्रमाणीकरण गरेको भिसा श्रमिकको साथमा थियो । एक हप्ता अगाडि पनि यसरी त्यही भिसा बोकेर १५ जना जोर्डन थियो', उनले भने, 'वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति भइसकेपछि रोक्नुको कुनै तुक छैन। यो विषय गम्भीर छ। हामी गृहमन्त्रीसमक्ष यो विषय राख्ने तयारी गरिरहेका छौं ।' रासस

# जातीय भेदभाव गर्नेलाई कम्तीमा ५ वर्ष जेल सजाय हुने प्रबन्ध गर्न गृहमन्त्रीको ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु । जातीय भेदभाव गर्नेलाई कम्तीमा ५ वर्ष जेल सजाय हुने प्रबन्ध गर्न सरोकारवालाहरूले गृहमन्त्रीको ध्यानाकर्षण गराएका छन् । संविधानमै जातीय भेदभाव र छुवाछुत सामाजिक अपराधको रुपमा दण्डनीय हुने प्रबन्ध भए पनि दलित समुदायमाथि हुने अत्याचारको शृंखला कम नभएको भन्दै राजनीतिक दलका नेता, सांसद र सरोकारवालाले कानुन संशोधन गरी सजाय थप गर्न माग गरेका छन् ।

संयुक्त राजनीतिक दलित संघर्ष समितिमार्फत् आइतबार उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर ज्ञापनपत्र बुझाउँदै उनीहरूले जातीय छुवाछुत र भेदभावसम्बन्धी कानुनमा संशोधन गरी त्यस्तो कसुर गर्नेलाई कम्तीमा ५ वर्ष जेल सजाय र पीडितलाई थप क्षतिपुर्ति दिनुपर्ने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् । हाल कार्यान्वयनमा रहेको जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले जातीय भेदभावको कसुर गर्नेलाई तीन महिनादेखि तीन वर्षसम्म जेल र २० हजारदेखि २ वर्षसम्म जरिवाना गर्ने व्यवस्था गरेको छ । तर सरकारवादी हुने जातीय भेदभावको मुद्दामा अहिलेसम्म कोही पनि प्रतिवादीलाई दुई वर्षसम्म जेल सजायको फैसला भएको छैन ।

न्यायालयमा गैरदलित समुदायको वर्चस्व रहेको र कानुनमा रहेको कमजोर प्रावधानलाई टेकेर कसुर प्रमाणित भए पनि न्यून सजाय गरिदिनाले जातीय भेदभाव घट्नुको सट्टा झन् निर्मम प्रकृतिका घटनाहरू बढेको उनीहरूको भनाइ छ ।

'देशमा जातीय छुवाछुत र विभेदका घटनाहरू तीव्र ढंगले बढ्दै जघन्य हत्यासम्म हुने क्रम बढेको छ । एउटा अपराधलाई ढाकछोप गर्ने क्रममा स्थानीय पालिकाका जिम्मेवार कर्मचारीहरू र शिक्षकहरूले नै नियतवश केटाकेटीका उमेर घटाउने र विभिन्न खाले झुट्टा मुद्दा बगाएर अर्को आपराधिक कार्य गर्नेतिर उद्दत हुँदै गइरहेको सार्वजनिक भइरहेका छन्,' संयुक्त राजनीतिक दलित संघर्ष समितिले ज्ञापनपत्रमार्फत् गृहमन्त्रीलाई भनेको छ, 'त्यसकारण जातीय छुवाछूत र भेदभावको कसुरलाई थप महत्त्वका साथ ऐनमा संशोधन गरी पीडकलाई कम्तिमा ५ वर्ष सजाय र पीडितलाई क्षतिपुर्ति दिनुपर्ने व्यवस्था गर्न माग गर्दछौं ।'

नेपाली समाज मनुवादी विचार र संस्कृतिबाट ग्रसित रहेको भन्दै उनीहरूले दलित भनेपछि विभेद, घृणा र असहयोग गर्नुपर्छ भन्ने चेतना र व्यवहार अझै पनि कायम रहेको स्मरण गराएका छन् । दलित समुदायका नागरिकलाई प्रशासनिक सेवा प्रवाहलाई सरज र सरल बनाउन जिल्ला प्रशासन कार्यालयहरूमा दलित सहयोगी डेस्क स्थापना गर्न उनीहरूले सुझाव दिएका छन् ।

# कतारका लागि नेपालका कावा राजदूत सुवेदीद्वारा त्यहाँका अमिरसँग भेट

काठमाण्डु । कतारका लागि नेपाली कार्यवाहक राजदूत कृष्णकुमार सुवेदीले त्यहाँका अमिर(राजा)सँग भेटवार्ता गर्नुभएको छ । इस्लाम समुदायको महान पर्व 'इद अल अधा'का अवसरमा शुभकामना आदानप्रदान गर्ने क्रममा उहाँले कतारका अमिर शेख तामिम बिन हमाद अल थानीसँग शिष्टाचार भेट गर्नुभएको कतारस्थित नेपाली दूतावासले जनाएको छ ।



सो अवसरमा कार्यवाहक राजदूत सुवेदीले नेपाल सरकार, नेपाली जनता र आफ्नो व्यक्तिगततर्फबाट कतारी जनता, अमिरको सुख, शान्ति र समृद्धिको कामना गर्नुभएको थियो । इदका अवसरमा अमिर थानीले कूटनीतिक नियोगका प्रमुखहरूसँग भेटवार्ता एवं शुभकामना आदानप्रदान गर्दै आउनुभएको छ । त्यसैगरी कतारका प्रधानमन्त्री मोहम्मेद बिन अब्दुलरहमन बिन जास्सिम अल थालीले पनि कतारस्थित कूटनीतिक नियोगका प्रमुखहरुसँग शुभकामना आदानप्रदान गर्नुभएको थियो । रासस

# 'नेपाल अफ्रिका चलचित्र महोत्सव' सुरू

काठमाण्डु । काठमाण्डुको जमलस्थित नाचघरमा 'नेपाल अफ्रिका चलचित्र महोत्सव' को एघारौँ संस्करण सुरू भएको छ । चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले 'बुकलेट' विमोचन गर्दै सुरू गर्नुभएको महोत्सव यही असार २५ गतेसम्म चल्नेछ ।

"नेपाललाई अफ्रिकन मुलुकमा र अफ्रिकालाई नेपालमा चिनाउन यो महोत्सव उपयोगी हुने विश्वास छ, कला र संस्कृतिको आदानप्रदानसँगै यस्ता महोत्सवले एकअर्काको चलचित्र हेरेर सिक्ने अवसरसमेत दिन्छ", अध्यक्ष केसीले भन्नुभयो, "यस्ता कार्यक्रम र गतिविधिमा बोर्ड सदैव सहयोगी भूमिका निर्वाह गर्न तत्पर छ, हामीले विश्वको चलचित्र हेरेर आफूलाई अझै परिस्कृति गर्नु जरुरी छ ।"

महोत्सवमा १० अफ्रिकी र नेपालका १२ सहित कूल २२ चलचित्र सहभागी छन् । उद्घाटनसँगै जर्मनी चलचित्र ' वाटु वाटो' प्रदर्शन गरियो । यसका साथै पहिलो दिन शनिबार रोशनकुमार श्रेष्ठको चलचित्र 'भाग्य', परिच्छेद सेनको चलचित्र 'प्रेमगञ्ज', सुमन दाहालको चलचित्र 'परिवार' र अफ्रिकन वृत्तचित्र ' कलिङ अफ डेड' प्रदर्शन गरियो ।रासस

# मूल्यवृद्धि नियन्त्रण र वित्तीय स्थायित्वलाई केन्द्रमा राखी मौद्रिक नीति आउँछ : राष्ट्र बैंक सञ्चालक शिवाकोटी

काठमाण्डु । नेपाल राष्ट्र बैंकका सञ्चालक चिन्तामणि शिवाकोटीले मूल्यवृद्धि नियन्त्रण र वित्तीय स्थायित्वलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याइने बताउनुभएको छ । आर्थिक छलफल चौतारी नेपालले आइतबार काठमाण्डुमा आयोजना गरेको 'नेपालको आर्थिक अवस्था र आगामी मौद्रिक नीति' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्नुहुँदै शिवाकोटीले यस्तो बताउनुभएको हो ।

"नेपाल राष्ट्र बैंकले तोकेअनुसार नै मुख्यगरी दुईवटा विषयलाई केन्द्रमा राखेर मौद्रिक नीति आउनेछ । मुद्रास्फीति नियन्त्रणमा राख्ने र वित्तीय स्थायित्व कायम गर्ने कुरा मुख्य हुन्", उहाँले भन्नुभयो। सरकारी राजस्व बढाउने, रोजगारी बढाउने जस्ता विषय मौद्रिक नीतिले प्रत्यक्षरूपमा नहेर्ने भए पनि केही वित्तीय व्यवस्थामार्फत ती क्षेत्रलाई सम्बोधन गर्न सकिने शिवाकोटीको भनाइ छ।

चालु आर्थिक वर्षका लागि सरकारले राखेको लक्ष्यअनुसार अहिले राजस्व उठ्न सकेको छैन । तर अहिले देखिएका मुख्य समस्याहरू न्यून राजस्व उठ्नु र सहकारी क्षेत्रमा देखिएको सङ्कट पनि राष्ट्र बैंक नहेर्ने उहाँले बताउनुभयो । सरकारले राखेको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्नका लागि र रोजगारी सिर्जनाका लागि कुन क्षेत्रमा कर्जा विस्तार बढाउने भनेर हेरिने शिवाकोटीको भनाइ छ। त्यस्तै, नियामकीय भूमिकामा नेपाल राष्ट्र बैंक कमजोर भएको पनि उहाँले स्वीकार्नुभयो ।

बैंकहरूले हाउजिङ क्षेत्रमा काठमाडौँ उपत्यकाभित्रका लागि मूल्याङ्कनको ३० प्रतिशत र उपत्यका बाहिरका लागि ४० प्रतिशत कर्जा दिइरहेकामा त्यसलाई बढाउन सकिने पनि उहाँको भनाइ छ। त्यस्तै, पूँजीबजारका क्षेत्रमा यसअघि लिइएका नीतिको समीक्षा र नतिजा हेरेर अघि बढ्नुपर्ने बेला आएको उहाँले बताउनुभयो । त्यस्तै, पुनरकर्जा थप दिन सकिने अवस्थामा राष्ट्र बैंक नरहेको पनि शिवाकोटीले स्पष्ट पार्नुभयो ।

आगामी आर्थिक वर्षको मौद्रिक नीति धेरै कडा वा लचिलो नभई सन्तुलितरूपमा मध्यस्थ खालको आउनेतर्फ पनि उहाँले सङ्केत गर्नुभयो । "मौद्रिक नीतिले डिजिटल इकोनोमी, इनोभेसनका कुरामा लगानी बढाउने विषयलाई केन्द्रमा राख्छ । काउन्टर साइक्लिङ बफर लागू गर्ने समय अझै एक वर्ष पर सार्नुपर्ने हो कि भनेर विचार गर्नुपर्ने बेला आएको छ ।रासस

## आकर्षक जग्गा विक्रीमा

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १६ स्थित कपिलेश्वर प्रहरी चौकी, पेट्रोल पम्पदेखि ५० मिटर उत्तर तर्फ रहेको आकर्षक घडेरीहरु बिक्रीमा राखिएको छ ।

**सम्पर्क नम्बर**

९८४४४३१०८३, ९८१२११४९५२

## राहदानी हरायो

मेरो निम्न व्यहोरा भएको राहदानी २०८०/०१/२० गते घरबाट जानकी चोक जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको मोबाइल अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम**:- बसन्त महतो

**ठेगाना**:-जि.ध.जनकपुरधाम उपमनपा-२१ कुर्था

**राहदानी नं.**:- ०९९४३६९९

**मो.नं.**:- ९८१९७०१६४३

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मिटरव्याज विरुद्धको कानून संसदबाट छिटो पारित गर्नुपर्ने माग गर्दै बिभिन्न जिल्लाबाट आएर नयाँ बानेश्वरचोकमा आइतबार धर्ना दिँदै मिटरव्याज पिडीतहरू। *तस्विर : रासस*

# सोमबारको व्रत सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । चान्द्रमास अनुसार पहिलो साउने सोमबारको व्रत असार २५ गते सोमबारदेखि सुरु हुने भएको छ । सौरमास अनुसार यस वर्ष साउन महिनामा अधिकमास परेको छ ।



चान्द्रमास अनुसार दुईवटा सोमबारपछि अधिकमास सुरु हुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले स्वीकृति दिएको पात्रोमा उल्लेख गरिएको छ ।

समितिका सदस्य एवं धर्मशास्त्रविद् प्रा डा.देवमणि भट्टराई गुरु पूर्णिमादेखि जनै पूर्णिमासम्मका सोमबार व्रत लिनुपर्ने कुरा निर्णय सिन्धुलगायत ग्रन्थमा उल्लेख गरिएको उनले बताए । धर्मशास्त्रका विज्ञबीच यस वर्षको अधिकमासको साउनमा परेको सोमबार व्रत गर्ने कि नगर्ने भन्नेमा मतान्तर देखिएको छ ।

नेपालमा सौरमास अनुसारका सोमबार नै व्रत गर्ने परम्परा रहेको छ। जनकपुरधामको शिवालयहरुमा भक्तजनको भीड लाग्ने गरेको छ । त्यस्तै, शिव चोकमा रहेको शिव मन्दिर, कुवामा रहेको कपलेश्वरनाथ महादेव, क्षीरेश्वरनाथ महादेव मन्दिर र महोत्तरीको जलेश्वरनाथ महादेव मन्दिरलगायत भने चान्द्रमास अनुसार साउन लागेदेखि नै भक्तजनको भीड बढ्न थालेको छ ।

# प्रमाणपत्र बितरण




**सिकेन्द्र पासवान**

बारा । नगर स्तरीय अन्तर माबि स्तरीय हाजिरी जवाफ प्रतियोगिता र हस्त लेखन प्रतियोगितामा विजेता भएका विद्यार्थीहरुलाई एक कार्यक्रमका बीच पुरुस्कार वितरण गरिएको छ ।

चन्द्र मा विमा आयोजना गरिएको प्रतियोगितामा प्रथम , द्धत्तीय र तृतीय भएका विद्यार्थीहरुलाई कलैया उपमहानगरपालिकाका नगर प्रमुख विनोद साहले विजेताहरुलाई प्रमाणपत्र वितरण गरेका छन् । नगर स्तरीय प्रतियोगितामा १७ वटा मा वि र हस्त लेखन प्रतियोगितामा ४८ वटा अधार भूत प्राथमिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

नगर स्तरीय प्रतियोगितामा प्रथम नेरा मा बि मटियर्वाका छात्र महम्द दानीस बर्सी अंसारी, छात्रातर्फ पिन्टु कुमारी शर्मा, दोस्रो जनता मा वि कलैया भवानीपुरका छात्रा रोहित यादव, छात्रातर्फ पायल कुमारी माली, तेस्रो चन्द्र मा वि कलैयाका विशाल सहनी, छात्रातर्फ पूर्णिमा यादव विजेता भएका थिए ।

त्यसैगरी, हस्तकला क्षेत्रतर्फ नेरा आधारभूत प्रा वि श्रीपुरका सेराज अंसारी प्रथम, नेरा आधार भूत प्रा वि खमबाका चान्दनी कुशवाहा, रामपुर मदर्शाका रौशन आरा तृतीय भएका थिइन ।

कार्यक्रममा कलैया उपमहानगरपालिका शिक्षा शाखाका प्रमुख प्रल्हाद बर्णवाल, अधिकृत विजय अधिकारी, शिक्षा प्रेमी महम्द सागिर, शिक्षकहरु मनोज साह, जियालाल चौधरी, भुनेश्वर प्रसाद यादव, किशोरीलाल किसमत, सुरज थापालगायतकाले आ-आफ्नो विचार व्यक्त गरेका थिए ।

# सिटिजन्स बैंक र ड्रिम इन्टरनेसनल बीच सम्झौता

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कालिकापथ, बुटवल स्थित ड्रिम इन्टरनेसनल होटेल तथा योगिकुटी, बुटवल स्थित होटेल दा फ्लामीङ्गो प्रालिबीच सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।




सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग प्रयोगकर्ताहरुले ड्रिम इन्टरनेसनल होटेल र होटेल दा फ्लामीङ्गोमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् ।

यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास लिएको बैंकले जनाएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ ।

# दुर्घटनामा चालकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको गोडैता नगरपालिका -१२, मा आइतबार बिहान मोटरसाइकल दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको छ।

गडहियाबाट मधुवनीतर्फ गइरहेको प्रदेश २-०३-०१२ प ९७४४ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना हुँदा टाउकोमा गम्भीर चोट लागि चालक धनकौल गाउँपालिका -१ का ४५ वर्षीय सोनालाल राउतको मृत्यु भएको छ।

तीव्र गतिका कारण मोटरसाइकलले नियन्त्रण गुमाएर दुर्घटना भएको हुनसक्ने प्रहरीले जनाएको छ। राउतको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा ल्याइएको प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए।

# टिपर र स्काइभेटर नियन्त्रणमा



**टुडे समाचारदाता**

जनकपुरधाम । इलाका प्रहरी कार्यालय ढल्केवर धनुषाले अवैध उत्खनन गरिरहेका तीन वटा टिपर र एउटा स्काइभेटर नियन्त्रणमा लिएको छ ।

मिथिला नगरपालिका-१ बाट मापदण्डविपरित गिट्टी बालुवा उत्खनन गरिरहेको अवस्थामा शनिबार राति उक्त टिपर तथा स्काइभेटर प्रहरीले नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक कवीन राईले नम्बरी जग्गामा उत्खनन गरिरहेको भए पनि उत्खनन सम्बन्धी अनुमति नभएको तथा निकै गहिरासम्म खाडल खनेकाले ना १ क ६८५९, प्रदेश-२-०३-००१ ख ६७८२ र प्रदेश-२-०३-००१ ख ००१९ नम्बर टिपर तथा नम्बर नखुलेको एउटा स्काइभेटर नियन्त्रणमा लिएको जनाएका छन् ।

नियन्त्रणमा लिइएका टिपर तथा स्काइभेटर थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला समन्वय समिति धनुषा पठाउने प्रहरीले उनले जानकारी दिए ।

# नियन्त्रणमा लिइएको बाघ पर्सा पठाइयो

चितवन । चितवन राष्ट्रिय निकुञ्जले मानव बस्ती पसेर जनतालाई त्रसित बनाउँदै आएको बाघलाई नियन्त्रणमा लिएर पर्सा राष्ट्रिय निकुञ्ज पठाएको छ। यहाँ रहेका खोर भरिएपछि पर्सा पठाइएको हो।

पश्चिम चितवनको मेघौली क्षेत्रका जनतालाई त्रसित बनाएको बाघलाई चितवन राष्ट्रिय निकुञ्जले गत बुधबार नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिइएको बाघलाई पर्सा राष्ट्रिय निकुञ्ज पठाइएको निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो।

उहाँका अनुसार बस्ती नजिक आएर जनतालाई त्रसित बनाउने, घरपालुवा जनावरलाई आक्रमण गर्ने गरेको सो बाघलाई भरतपुर महानगरपालिका-२७ बाट नियन्त्रणमा लिइएको थियो । बाघलाई नियन्त्रणमा लिएपछि केही दिन निकुञ्जको मुख्यालय कसरामा राखिएको भए पनि यहाँ राख्ने खोरको अभावका कारण पर्सा पठाइएको उहाँले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "बाघ राख्नका लागि हामीसँग खोरको अभाव भयो, त्यसपछि खोरमा नै राख्नका लागि पर्सा राष्ट्रिय निकुञ्ज पठाएका छौं।" अन्दाजी १० वर्षको सो बाघलाई 'डार्ट' गरी नियन्त्रणमा लिइएको थियो । निकुञ्जमा बाघ राख्न बनाइएका खोर भरिएका छन् । मुख्यालय कसरामा रहेको खोरमा तीन र सौराहामा रहेको खोरमा दुई बाघ रहेका छन् । बाघ राख्नका लागि बनाइएको एउटा काठको खोर जीर्ण अवस्थामा छ। त्यसको मर्मत हुन सकेको छैन ।रासस

# ललिता निवास प्रकरणमा थप दुई पक्राउ

काठमाण्डु। ललिता निवास जग्गा हिनामिना प्रकरणमा प्रहरीले थप दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा समरजङ कम्पनीका तत्कालीन प्रमुख लोकहरि घिमिरे र नापी अधिकृत ध्रुव अर्याल रहेका सिआइवीका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जानकारी दिनुभयो ।

घिमिरेमाथि सरकारी जग्गा संरक्षणमा पहल नगरेको आरोप लगाइएको छ । यस्तै अर्याल भने त्यसबेला जग्गा नापजाँचमा खटिएको जनाइएको छ । उनीहरुलाई यसअघि नै पक्राउ पूर्जी जारी भएको थियो। उक्त प्रकरणमा सिआइवीले यसअघि नौ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

कीर्ते तथा सङ्गठित रुपमा सरकारी जग्गा हिनामिना गरेको आरोपमा यसअघि पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ, धर्मप्रसाद गौतम र गोपाल कार्कीलगायत पक्राउ परिसकेका छन् ।

विसं २०४९ देखि २०६९ सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेको थियो। सोही प्रकरणमा सिआइवीले अनुसन्धान गरिरहेको छ।

ललिता निवास प्रकरणमा यसअघि तीन सय जनालाई प्रतिवादी बनाएर ब्यूरोले जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो । तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने जनाउँदै फाइल फिर्ता पठाएको ब्यूरोले पुनः अनुसन्धान थालेको हो । रासस

# मधेश विश्वविद्यालयद्वारा कानुन सङ्कायको कक्षा सञ्चालन गर्दै

वीरगञ्ज । चालु शैक्षिकसत्रबाट कानुन र सामान्य जनप्रशासन सङ्कायको कक्षा सञ्चालन गर्ने तयारीमा रहेको मधेस विश्वविद्यालयले पाठ्यक्रमलाई अन्तिम रुप दिन सरोकारवालासँग सुझाव सङ्कलन गरेको छ।

स्थापनाकालदेखि नै भौतिक पूर्वाधार र जनशक्तिको अभाव खेप्दै आएको मधेश विश्वविद्यालयले चालु शैक्षिकसत्रदेखि बीए, एलएलबी र समान्य जनप्रशासन सङ्कायको कक्षा सञ्चालन गर्ने अन्तिम गरेको छ। यसका लागि प्रारम्भिक कार्यहरू पूरा गरी मधेश विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौं विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रमलाई अन्तिम रूप दिन मधेस प्रदेशका आठवटै जिल्लाका सरोकारवालासँग विश्वविद्यालयले छलफल गरेको उपकुलपति दीपक शाक्यले जानकारी दिनुभयो।

"हामीले यही शैक्षिकसत्रबाट कानुन र समान्य जनप्रशासन गरी दुईवटा सङ्कायको कक्षा सञ्चालन गर्ने तयारीमा छौं", उहाँले भन्नुभयो, "त्यसका लागि हामी पाठ्यक्रम निर्माण गरेर त्यस विषयमा सरोकारवालासँग छलफल गरी सुझाव लिइरहेका छौं ।" पाठ्यक्रम निर्माण समितिका संयोजक प्रा डा युवराज सङ्ग्रौला नेतृत्वको टोलीले जिल्ला-जिल्लामा पुगेर सङ्कलन गरेको सुझावसहितको प्रतिवेदन पेस गर्नुहुन्छ, यसलाई एकेडेमिक काउन्सिलले पास गरेपछि हामी भर्ना प्रक्रिया सुरु गर्छौं, उहाँले भन्नुभयो।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौं विश्वविद्यालयको समन्वयमा यी दुवै सङ्कायको पठनपाठन सुरु गर्ने तयारी गरेको छ। त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ । मधेस विश्वविद्यालयद्वारा वीरगञ्जमा आयोजित कानुन विषयका पाठ्यक्रमसम्बन्धी छलफलमा सहभागी सरोकारवालाले पाठ्यक्रममा समेट्नुपर्ने विषयमा आ-आफ्ना सुझाव दिएका थिए।

गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले वीरगन्जस्थित नेशनल ट्रेडिङको भवन लिजमा लिई कार्यालय सञ्चालन गर्दै आएको छ।




पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङलगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा हबका रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेस विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयारीमा जुटेको छ।

"विश्वविद्यालय सञ्चालन गर्न जग्गा चाहिन्छ, त्यसका लागि लामो समयको प्रयासपश्चात पर्साको ठाउँ-ठाउँमा जग्गा प्राप्त भएको छ", उपकुलपति शाक्यले भन्नुभयो, "स्थानीय तहका जनप्रतिनिधि तथा स्थानीयको सहयोगमा प्राप्त भएका ऐलानी र गुठी संस्थानको जग्गाको स्वामित्व विश्वविद्यालयमा ल्याउने प्रक्रियामा लागेका छौं।"

जग्गाको स्वामित्व विश्वविद्यालयमा हस्तान्तरण नहुदाँसम्म डिपिआर बनाउन सकिँदैन, डिपिआर नबनाई भौतिक संरचना बन्न सक्दैन, त्यसलै जग्गाको स्वामित्व छिटोभन्दा छिटो हस्तान्तरणको प्रयासमा जुटेको उपकुलपति शाक्यको भनाइ छ । मधेस विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको छ भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठ (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा पाएको छ।

बहुदरमाई नगरपालिका-२ मा प्राप्त भएको जग्गालाई सिमाङ्कन गरी पिलर जडान गरिएको भने पोखरिया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेस विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भई अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ । स्वामित्व हस्तान्तरणका क्रममा रहेको बहुदरमाईको जग्गामा आवश्यक भौतिक पूर्वाधार संरचना निर्माण गर्न डिपिआर तयार पार्ने काम सुरु भइसकेको विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले जानकारी दिनुभयो।

विश्वविद्यालयले वीरगन्ज महानगरपालिका १७ र १८ मा रहेको १७ बिघा जग्गामा केन्द्रीय कार्यालय बनाउने योजनामा रहेको रजिष्ट्रार यादवले बताउनुभयो। मधेस प्रदेश सरकारको नीति तथा कार्यक्रममा मधेस विश्वविद्यालयका लागि रु १० करोड अनुदान रकम छुट्याए पनि विश्वविद्यालयले बल्लतल्ल दुई महिनाअघि मात्र रु पाँच करोड बजेट पाएको छ।

"धेरै प्रयास गर्दा दुई महिनाअघि मात्र रु १० करोडमध्ये रु पाँच करोड बजेट आयो", रजिष्ट्रार यादवले भन्नुभयो, "बजेट आएसँगै हामीले कार्यालय व्यवस्थासँगै कक्षा सञ्चालनको तयारीमा जुटेका छौं।" यसबाहेक वीरगन्ज महानगरपालिकाकोसहयोगमाविश्वविद्यालयको केन्द्रीय कार्यालयको कम्पाउण्ड वाल निर्माणलगायतका काम अन्तिम चरणमा पुगेको छ।मधेश विश्वविद्यालयले आफूलाई चाहिने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली, २०७९, शिक्षक, कर्मचारी सेवा नियमावली, २०७९, आर्थिक प्रशासन नियमावली, २०७९ बनाई पारित गरिसकेको छ।रासस

# मिटरब्याज पीडितलाई न्याय दिलाइ छाड्छौं

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले मिटरब्याजबाट पीडितलाई सरकारले न्याय दिलाएरै छाड्ने बताउनुभएको छ।

नयाँ बानेश्वरमा आज मिटरब्याजबाट पीडितहरुको धर्नास्थल पुगेर सम्बोधन गर्दै उहाँले पीडितलाई न्याय दिलाउने विश्वास दिलाउनुभयो। "तपाईंहरुलाईम आश्वास्त बनाउन चाहन्छु की मिटरब्याजबाट पीडितलाई न्याय प्रदान गरी छाड्छौं", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "मिटरब्याजबाट पीडितलाई न्याय दिलाउने काम कुनै पनि हालतमा रोकिने छैन।"

उहाँले पीडकहरुको विरुद्ध पीडितलाई न्याय दिनका निम्ति सरकारले मिटरब्याजीसम्बन्धी अध्यादेश ल्याएको र अध्यादेशको निश्चित अवधि भएको हुनाले कानुन बनाउनका लागि संसद्मा प्रस्तुत भएको तर पारित हुन नसकेको भन्दै विधेयक चाडै अगाडि बढाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "विधेयक संसद्मा छ, अस्वीकार भएको हैन । विधेयक पारित गर्ने प्रक्रिया अगाडि बढाइनेछ, कानुन बनाइनेछ। तपाईंहरुको न्याय प्राप्तिको आन्दोलनलाई कुनै पनि हालतमा पूरा नगरिकन छोडिनै छैन, ढुक्क हुनुहोस्।"


उपप्रधानमन्त्री श्रेष्ठले अध्यादेश जारी गर्नुभन्दा अगाडि नै सरकारले मिटरब्याजी पीडितको माग सम्बोधन गर्न मिटब्याजसम्बन्धी छानबिन गर्न आयोग गठन गरेको स्मरण गर्दै आयोगको काम नरोकिने बताउनुभयो । उहाँले हरेक जिल्ला प्रशासन कार्यालयमा सरकारी वकिलहरु र पीडितका प्रतिनिधिहरु संलग्न रहेको सहजीकरण समितिले अहिले पनि कार्य जारी रहेको जानकारी दिनुभयो।रासस


## आवश्यकता

जनकपुरधाम पानी उधोगी व्यवसायी संघलाई तपससिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले काम गर्न इच्छुक व्यक्तिहरुले निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

१. **पद**:- बजार अनुगमनकर्ता (एस एल सी उर्त्तिण)
२. संख्या:- २ जना
३. **तलब सुविधा**:- आपसी सम्झौता अनुसार

**सम्पर्क ठेगाना** :- पानी उद्ययोगी व्यवसायी संघ, जनकपुरधाम
**सम्पर्क मो. नं.**:- ९८५४०२२४१७



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विरोधका लागि विरोध नगर

मधेश प्रदेश सभाको बैठक २३ दिन पछाडि बसेको थियो । बजेटमाथिको छलफलका लागि बसेको बैठकलाई एमालेले अवरोध गरेपछि छलफल सुरु नहुँदै सूचना टाँस गरेर सारिएको हो । अर्थमन्त्री स्वयम्ले प्रदेश सभामा बजेट प्रस्तुत गरिसकेपछि चोरबाटोबाट रकमान्तर भएको एमालेको आरोप छ । एमालेले लगाएको आरोप असत्य होइन् । तर बजेट रकमान्तर गर्ने सरकारको अधिकार हो । एमाले सरकारमा रहेको बेला पनि रकमान्तर भएकै हो । रकमान्तर ठूलो विषय होइन् । संघीय सरकार र स्थानीय सरकारमा पनि रकमान्तर हुने गरेको छ । रकमान्तर भएको रकमबाट काम नहुँदा त्यो रकम फ्रिज हुने गरेको छ । त्यसकारण पनि रकमान्तरको विषय प्रदेश सभाको बैठक अवरुद्ध नै गर्ने प्रकृतिको भने होइन् । कमिशन लिएर रातो किताबमा योजना राखिएको र सशर्त योजना वितरणमा कमिशनको व्यापक खेल भएको एमालेको आरोप छ । यसको छानबिन हुनु आवश्यक छ । कमिशन लिएर योजना वितरण भइरहेको अवस्थामा उपभोक्ता समितिमार्फत हुने काम प्रमुख कारक हो । मधेश प्रदेशमा रहेका १ सय ७ जना सभासदले हरेक वर्ष २ अर्ब ३५ करोड रुपैयाँ उपभोक्ता मार्फत खर्च गर्छन् । सर्वाधिक अनियमितता हुने बजेटको शीर्षक नै त्यो हो । योजना वितरणमा हुने कमिशनको खेललाई रोक्न सर्वाधिक उपयुक्त उपाय ठेक्का प्रणालीलाई अपनाउनु नै हो । सभासदहरुले वितरण गर्ने योजनामा सर्वाधिक कमिशनको चलखेल हुने गरेको आरोप विगतदेखि नै लाग्दै आएको छ । संघीय सरकारका सांसदहरुले पाउने विकास योजनाहरु ठेक्कामा लाग्ने गरे पनि प्रदेश सभाका सभासदहरुले आफूखुशी योजना छनौट र उपभोक्ता बनाइ काम गर्छन् । त्यो बन्द गर्न पनि एमालेले आवाज उठाउनु आवश्यक छ । तालिम, अफिस सामग्री लगायतका व्यापक कमिशन आउने काम गरेर बजेट सकाउने प्रवृतिलाई निरुत्साहित गर्न सभासदहरु नै इमान्दार हुनु आवश्यक छ । एमालेले गरेको विरोध निरर्थक होइन् । तर विरोधका लागि विरोध गर्नु भन्दा सार्थक परिणामका लागि विरोध गर्नु उपयुक्त हुनेछ । मधेश प्रदेशलाई 'भ्रष्टाचार शून्य सहनशिलता' बनाउन सभासदहरुले नै आफ्नैबाट सुरु गर्नुपर्छ ।१ सय ७ जना सभासदले इमान्दारी देखाए प्रदेशमा तत्काल २ वटा ठूलो क्षतिबाट मुक्त हुनसक्छ । पहिलो चरम आर्थिक अनियमितता र दोस्रो चुनावमा हुने करोडौं खर्चबाट मधेश प्रदेश जोगिनसक्छ । हुनत देशको सबै सरकारमा अनियमितता व्यापक नै छ । तर सभासदहरुले विकास बजेटको नाममा लिने योजनाहरु ठेक्कामा गए चुनावमा गरिने धेरै खर्चमा कटौती निश्चित छ । सभासदहरुले विकासको नाममा बजेट लिनेमा सर्वसम्मत निर्णय गर्छन् । प्रदेश सभालाई अवरुद्ध गर्ने काम नीतिगत भन्दा आर्थिक विषय बढिरहेको छ । नीतिगत रुपमा हुने भ्रष्टाचारलाई प्रदेश सभासदहरुले मात्र रोक्न सक्छन् । सरकारलाई नियन्त्रणमा राख्ने प्रमुख निकाय नै प्रदेशसभा हो ।

# कांग्रेसमा ऐना पुछ्ने प्रवृत्ति



गोविन्द अधिकारी

अगिल्लो साता काठमाडौंमा नेपाली कांग्रेसका जिल्ला सभापतिहरूको भेला भएको थियो । महामन्त्री द्वय विश्वप्रकाश शर्मा र गगन थापाले जिल्ला सभापतिको भेला बोलाएका थिए । सल्लाहमै बोलाइएको भनिए पनि सभापति शेरबहादुर देउवाले जिल्ला सभापतिहरूको भेलाको उपेक्षा गरे । सार्वजनिक भएका समाचारअनुसार भेला आधिकारिकरूपमा क्रियाशील सदस्यता वितरण, पार्टी व्यवस्थापनजस्ता मूलतः प्राविधिक विषयमा छलफल गरिएको थियो । तर, सभापतिहरूले बजेटमा आफ्नो कुरा नसुनिएको, सरकारमा गएका मन्त्रीहरूले वास्ता नगरेको र पार्टीभित्र संस्थापनले इतर समूहलाई पेलेकोजस्ता विषयमा धेरै समय गएछ ।

**सभापति भेलाको सकारात्मक पक्ष**

नेपाली कांग्रेसमा अझै चित्त नबुझे पनि कुरो बुझेर चुप लाग्ने संस्कार स्थापित भइसकेको छैन । पार्टी नेतृत्वको आलोचना गर्दैमा राजनीतिक भविष्य समाप्त पारिने हो कि भन्ने डर पनि मानेको देखिएन । नेतृत्वको आलोचना गर्दैमा भविष्य समाप्त भएको उदाहरण पनि खासै छैन । बालकृष्ण खाणलाई पार्टीले निलम्वन नगरेकोमा प्रश्न उठाए । सबैले बुझेकै थिए होलान् सभापति देउवाकै अनिच्छाका कारण खाण निलम्वनमा नपरेका हुन् । अरू दलमा भए सभापतिको इच्छाविपरीत यसरी बोल्ने आँट कमैले गर्थे । अरू पार्टीमा यत्तिको लोकतन्त्रको अभ्यास पनि छैन ।

मुखले मात्रै भने पनि लोकतान्त्रिक अभ्यासप्रति जिल्ला नेतृत्व प्रतिबद्ध देखियो । जिल्ला फर्केर गर्ने व्यवहारमा प्रदर्शित भयो भने लोकतान्त्रिक संस्कार निर्माण गर्न सहयोग पुग्नेछ । बेग्लाबेग्लै समूहबाट उमेदवार भए पनि महामन्त्री द्वय मिलेर सभापतिहरूको भेला बोलाए । विधानले दिएको अधिकार अभ्यास गर्ने गराउन एक पाइला भने पनि चाले । उनीहरूमाथि आफूले गर्न सक्ने चाहिँ नगर्ने सभापतिलाई दोषमात्रै लगाउने गरेको आरोप केहीमात्रामा पखाले ।

महामन्त्री शर्मा र थापालाई कांग्रेसबाहिरबाट पनि आशाको दृष्टिले हेरिन्छ । त्यसमा उनीहरूले संगठन सुदृढ, स्वच्छ र सक्रिय बनाउन कति प्रयत्न गर्छन् र त्यसमा कति सफल हुन्छन् भनेर पनि जनताले समेत नियालिरहेका छन् ।

**अनि कमजोरीहरू**

सभापति देउवाले भेलालाई बेवास्ता गरेको देखाए । यसले उनैको प्रभाव र पकड कमजोर हुने हो । तर, दलकै मुख्य नेतृत्वले उपेक्षा गरेपछि रक्षात्मक स्थितिमा पुगेको पार्टीका कार्यकर्ता कसरी उत्साहित होलान् र ?

महामन्त्रीहरूसँग पार्टीको संगठनात्मक सुदृढीकरण, शुद्धीकरण र सक्रियता कसरी हासिल गर्ने भन्ने सुविचारित योजना भएजस्तो देखिएन । क्रियाशील सदस्यता, कार्यसमितको सम्मेलन र पार्टी व्यवस्थापन जस्ता प्राविधिक विषयलाई जति नै व्यवस्थित गरे पनि कांग्रेसको जनाधार खुम्चिनबाट रोकिनेछैन ।

केन्द्रीय नेतृत्वको गुटबन्दी, हैकम र विधान मिच्ने प्रवृत्तिको चर्को गुनासो गर्ने जिल्ला सभापतिहरूले आफ्नो जिल्लामा कति लोकतान्त्रिक अभ्यास गरेका छन् त? आफूले अभ्यास नगर्ने तर अरूलाई अर्ती दिने प्रवृत्तिले कांग्रेस सपार्न त पक्कै सकिँदैन ।

बजेट र सरकारका कामकाजमा गुनासो र टिप्पणीले कांग्रेसका जिल्ला सभापतिहरू सत्ताको स्वाद नपाएर छटपटाएजस्ता देखिए । पार्टीका सभापतिले होइन स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधिले यस विषयमा मुख खोल्नु पर्ने हो । सभापतिहरूले त जनप्रतिनिधिलाई अगाडि सार्नुपर्छ । गुटबन्दीको चर्को विरोध गर्नेहरू स्वयं नै गुटमा सामेल देखिन्छन् ।

जनताप्रतिको जिल्ला उदासीनता सभापतिहरूमा पनि केन्द्रका नेतामा भन्दा कम छैन । कार्यकर्ताले मात्र घेरिने र तिनैका कुरालाई जनताको ठान्ने मूर्खता र अर्थ्याउने चतुर्‍याइँले न पार्टीको छवि सुध्रिन्छ न जनाधार नै बढ्छ ।

सरकार र पार्टीबीच संवाद हुनुपर्छ भन्नु उचित हो तर जननिर्वाचित कार्यपालिकालाई जिल्ला वा स्थानीय तहको पार्टीले सञ्चालन गर्न खोज्नु लोकतान्त्रिक होइन । कम्युनिस्टहरूले जस्तै नेता, पार्टी, सरकार र राज्यलाई एउटै ठान्ने सोच राखेर नेपाली कांग्रेस बलियो नहुने रहेछ भन्ने बुझ्न कति लाग्छ समय ?

पार्टीमा पनि 'पद सोपान' बनाएको छ कांग्रेसले । नयाँ दलहरूले पनि त्यसै गर्न खोजेको भए उनीहरू स्थापित हुन्थे त ? यसैले अहिलेको राजनीतिमा टिक्न सिँडी उक्ले जसरी नेतृत्वमा पुग्ने सोच र प्रचलन त्याग्नुपर्छ । कसैले कसैका लागि किन पर्खने ? उदार लोकतान्त्रिक दलको जस्तो खुला संगठन बनाउने आँट छ त सभापतिहरूमा ? कुनै तरुण पार्टीको नेतृत्वमा फुत्त देखिन सक्छ ? अनि यी सभापतिहरूको सोच र जिल्लामा तिनले गर्ने ' तिगडम' देउवाको भन्दा के फरक छ ?

सभापतिको सामन्ती सोच

सभापतिहरूले आफू विशिष्ट र कार्यकर्ता जनता मामुली ठानुन्जेल तिनको सुधारका गफ जनता त परै जाउन् तिनकै कार्यकर्ताले पनि पत्याउँदैनन् । सभापति देउवाले जिल्लाका कार्यकर्तासँग संवाद गरेनन् भन्नेहरूले गाउँका कार्यकर्ताको रायसुझाव कहिल्यै लिएका छन् ? कांग्रेसमा २०१५ को चुनावमा खर्च सुवर्ण शमशेरले बेहोरेका थिए रे ! विसं २०५१ सम्म पनि उमेदवारलाई पार्टीले केही खर्च दिएको सुनिन्थ्यो ।

**उमेदवारीको किनबेच**

पछिल्ला चुनावहरूमा भने उमेदवारले पार्टीलाई पैसा दिने चलन सुरु भएको सुनिन्छ । पछिल्ला चुनावहरूमा त उमेदवारले पार्टीलाई मात्र होइन नेतालाई पनि पैसा दिनुपर्ने भएको छ रे ! अर्थात्, पार्टीको टिकट बिक्छ रे ! स्थानीय तहको उमेदवारी पनि बेचिन्छ र जिल्ला सभापतिहरूले नै त्यसरी टिकट बेच्ने गर्छन् भन्ने पनि सुनिन्छ । अब किनेर पाएको उमेदवारीका लागि कोही किन पार्टी वा नेताप्रति उत्तरदायी हुने ? कति जिल्लामा त सांसदहरूले स्थानीय तहको टिकट बेचेर आफ्नो चुनाव खर्च पनि असुलेका थिए रे !

**इतिहासको ज्ञान**

जिल्ला सभापतिहरू कांग्रेसको हित नै चिताउँछन् भन्नेमा कसैले शंका गर्दैन । तर, उनीहरू र कांग्रेस बदल्ने अभियानमा लागेका महामन्त्रीलगायत नेताहरूलाई 'कामराज प्लान' का बारेमा थाहा छ ? त्यसबाट सिक्न सके कांग्रेसमा धेरै सुधार हुनसक्छ ।

महाधिवेशनमा आएका एउटा पूर्वी जिल्लाका कांग्रेस सभापतिलाई सोधेको थिएँ - तेजबहादुर अमात्यलाई चिन्छौ भनेर । उनले उत्तर त दिन सकेनन् नै थाहा पाउने प्रयास पनि गरेनन् । दिवानसिंह राई, सरोज कोइराला, योगेन्द्रमान शेरचनका बारेमा कति थाहा छ ? सरोज कोइरालाले आफ्नै विधवा भाउजुको विवाह गराएको ६० वर्षभन्दा पहिले, जग्गा बाँडेको, किसानका हितमा आन्दोलन गरेको थाहा छ ? किन सोधेको भने कांग्रेसलाई बदल्न खोज्नेहरू पनि अहिलेको संस्थापनजस्तै यथास्थितिकै पक्षपोषक हुन् कि प्रगतिशील उदारताका पक्षमा छन् ? सायद यही प्रश्नको उत्तरले उनीहरूको अभियानको औचित्य स्पष्ट पार्न सक्छ ।

अनलाइन सदस्यता वितरण गर्नु एक पाइला अगाडि बढ्नु हो तर त्यसैका भरमा 'हट' हुने हो र कांग्रेस ? पार्टीका निकायमा चुनाव लड्न निजामती सेवाको खुला बढुवाजस्तो वर्ष पुर्‍याउनुपर्छ । उमेदवार हुन कार्यकर्ताको समर्थन र मतदाताको साथ भएर पुग्दैन । नेताको कृपा पाउन (किन्न?) सक्नुपर्छ । यस्तो विकृति नहटाईकन कांग्रेसप्रति आकर्षण बढ्दैन । राज्यका सबै तहका निर्वाचनमा स्थानीय कार्यकर्ताले प्राथमिक निर्वाचनपछि सिफारिस गरेकाका आधारमा मात्र उमेदवार बनाउन जिल्ला सभापतिहरू तयार छन् ?

**देउवासँगै डुब्दो उनको दल**

पक्कै पनि सभापति देउवा अहिले नेपाली कांग्रेसका लागि बोझमात्र साबित भएका देखिन्छन् । उनलाई विश्राम लिन लगाए कांग्रेसमात्र होइन देशकै पनि हित हुनेछ । त्यसका लागि कांग्रेस कार्यकर्ताबाहेक अरूले केही गर्न सक्तैनन् । यसैले सकेसम्म उनलाई सम्मानजनक बहिरगमनका लागि राजी गराए हुन्छ । मानेनन् भने उनलाई विधानसम्मत उपाय अपनाएर हटाए पनि हुन्छ । देउवाको 'सती' जान नसक्ने तर उनलाई हटाउन पनि नसक्ने अवस्थामा विद्रोह गरेर पार्टी छाड्ने, अर्को पार्टी बनाउने स्वतन्त्रता पनि छ । गर्न केही नसक्ने तर देउवालाई खुइल्याउन पनि नछोड्ने गर्दा सबैभन्दा धेरै हानि त नेपाली कांग्रेसकै हुन्छ । कांग्रेस डुब्दा यसका कार्यकर्तामात्रै कसरी उत्रेलान् र?

**र अन्त्यमा**

धेरथोर पाखण्ड प्रदर्शन त मानवीय कमजोरी नै हो तर सक्कली पाखण्डीहरू अनुहारमा फोहोर महदेखियो भने ऐना पुछ्न थाल्छन् । अनुहार नै फोहोर भएको स्वीकार गर्न उनीहरू तयार हुँदैनन् । ऐना पुछ्ने पाखण्ड राजनीतिमा धेरै हुन्छ । त्यसमा पनि कम्युनिस्टहरू बढी नै ऐना पुछ्ने गर्थे । पछिल्ला केही दशकमा भने नेपाली कांग्रेसमा पनि ऐना पुछ्ने पाखण्डी प्रवृत्ति बढ्दै गएको देखिएको छ । बितेको महाधिवेशनमा ऐना पुछ्नेहरूको चटक बढी नै देखिएको थियो । अगिल्लो दिनसम्म देउवामा दाग देख्नेहरूले एकाएक ऐना पुछ्न थाले । परिणाम अहिलेको कांग्रेसको हविगत हो । कार्यकर्ता कसैले पनि कांग्रेस अब उँभो लाग्छ भन्न सक्तारहेनछन् । जिल्ला सभापतिहरूको भेलामा पनि त्यही पाखण्ड दोहोरिएको देखियो ।

> *नेपाली कांग्रेसका लागि बोझमात्र साबित भएका देखिन्छन् । उनलाई विश्राम लिन लगाए कांग्रेसमात्र होइन देशकै पनि हित हुनेछ । त्यसका लागि कांग्रेस कार्यकर्ताबाहेक अरूले केही गर्न सक्तैनन् । यसैले सकेसम्म उनलाई सम्मानजनक बहिरगमनका लागि राजी गराए हुन्छ । मानेनन् भने उनलाई विधानसम्मत उपाय अपनाएर हटाए पनि हुन्छ । देउवाको 'सती' जान नसक्ने तर उनलाई हटाउन पनि नसक्ने अवस्थामा विद्रोह गरेर पार्टी छाड्ने, अर्को पार्टी बनाउने स्वतन्त्रता पनि छ ।*

# राजनीतिमा बढ्दो युवा उभार, सम्हाल्न सक्लान् त पाकाले ?



श्याम अधिकारी

विनियोजन विधेयक २०८० को प्रश्नोत्तरको क्रममा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले उठाएका दुई विषयले अलि चासो बढायो । एउटा विषय जुन जो कोही प्रधानमन्त्री भएको बेलामा आउने निरन्तरको विषय जस्मा युवालाई देशभित्रनै रोजगारीको श्रृजना गर्दै वैदेशिक रोजगारीको सिलसिलामा रहेका युवाहरुलाई देशमा नै अवसर श्रृजना गर्ने सरकारको लक्ष्यको बखानको निरन्तरता भने दोश्रो विषय चैं अन्य प्रधानमन्त्री भन्दा फरक र अलि क्रान्तीकारी तवरले सामाजिक सञ्जालका चित्र र सञ्जालमा रमाउने युवापुस्तालाई घुमाउरो पारामा गरेको गालीले उनमा युवाजनमा आएको चेतलाई लक्षित गर्न खोजेको जस्तो देखिन्छ ।

आखिर खाहाललाई समेत चासो हुने गरि आईरहेका विषयहरुले पाका र स्थापित पार्टीका नेताहरुमा ढ्याङ्ग्रो चै पक्कै बजाएको छ । युवापुस्ताले राजाको शासनकालमा भएका अराजक विषयहरुलाई भोग्नु नपरेको र वर्तमानमा अगाडि जे छ त्यसमा नै रमाउने कारणले लोकतन्त्रमाथि नै धावा बोलेको आक्षेप पेश गरिरहँदा एउटा विषय चै स्पष्ट छ कि कोरा भाषणबाजीमा रमाउने नेतागणको सातो युवापुस्ताले जगाईरहेका छन् । हुन पनि हो आजकल पान पसल, चिया पसल, पार्क, रेष्टुरेन्ट, सरकारि कार्यालय या त अरु कुनै सार्वजनीक निकायका अड्डा, सामाजिक सञ्जाल या त सार्वजनिक चासोका क्षेत्रहरुमा कि वालेन शाह, कि हर्क साङपाङ्ग, कि रबी लामिछानेका बहससँगै छिटपुट स्थापित दलका युवा र युवासोच भएका नेता (एकाध रुपमा आउने) कै चर्चा हुन्छ । बालेन र हर्कले त आफुलाई सावित गर्ने कुरामा केहि ठोस उदाहरणहरु पेश गरिसकेका छन् रवी र उनको पार्टीका सदस्यहरुको पनि जमर्को जारि छ ।

**वैकल्पिक साहारामा जबरजस्त उठ्दै गरेको युवा सामर्थ्य नगरौं नजरअन्दाज**

स्थापित दलमा उमेर ढल्किसकेका नेताकै दबदबा रहिरहनु र युवापुस्तालाई कोरा राजनीतिको मोहोरामात्रै बनाईरहनाले स्थापित दलभित्रै युवा सामर्थ्य बेलाबेला बहुरिने गर्छ । केहि दिन अगाडि नेपाली कांग्रेसका नेता माननीय गगन थापाले आफ्नो दल लगायत स्थापित दलका पाका नेताहरुलाई लक्षित गर्दै दिएको अभिव्यक्तिले यिनै विषयलाई थप स्पष्ट पार्ने जमर्को गरेको छ । थापाले भनेजस्तै एउटै व्यक्ति कति पटक प्रधानमन्त्री बन्ने भन्ने कुराको ठोस आधार र व्यवस्था हुन नसक्नु, पाका नेताहरुले दिन नसकिरहेको 'पोलिटिकल एक्जिट' (शाब्दीक अर्थ फरक भएपनि सारमा राजनीतिक पुस्तातन्त्रणको रुपमा बुझ्न सकिने) नभएकोले पार्टीभित्र भएको जाम र विकसित देशमा गरिएका पद्धती र व्यवस्थाको उदाहरणले स्थापित पार्टीभित्र आगो सल्किरहेको छ ।

वैकल्पिक सहाराको रुपमा अधिकाँश नयाँ शक्तिले सामाजिक सञ्जाललाई नै माध्यम बनाएका छन् । सामाजिक सामाजिक सञ्जालमा जब बालेन बोल्छन्, उनको अभिव्यक्तिको पक्षमा आउने हजारौं सकारात्मक प्रतिक्रियासँगै राजनीतिमा लामो समयदेखि स्थापित दल र ति दलका पाका नेताहरुलाई गरिने गालिगलौज र वितृष्णालाई नजरअन्दाज गर्दै युवालाई विगत बुझाउन खोज्नु एक पक्षमा त ठिकै होला तर तत्कालै परिणाम खोज्ने युवा पुस्ताको मनस्थितिलाई दोषारोपण गर्दै आफुले गरेको परम्परागत कार्यशैली नै ठिक भन्नु किमार्थ ठिक होईन ।

नितान्त पृथक शैली र अभियानलाई आत्मासाथ गर्दै धरानको राजनीतिमा स्थापित पार्टीमाथि धावा वोल्दै आफुलाई अबल सावित गरिरहेका हर्क साङपाङ्गको महत्वपुर्ण आधार नै सामाजिक सञ्जाल हो । आफुले गरिरहेको, गर्नलागेको काम देखि लिएर आफुलाई परेको असहजता साथै उनले उठाईरहेको नेपालको स्वयंसेवी श्रम संस्कृतिलाई जसरि खुल्ला रुपमा प्रस्तुत गरिदिन्छन् र उनको पक्षमा जनमत श्रृजना गर्छन् त्यसबाट तर्सिएर सामाजिक सञ्जालमा हर्कलाई समर्थन गर्ने युवा पुस्तालाई गाली गर्नु कदापी ठिक होईन ।

राष्ट्रिय स्वतन्त्र पार्टीको कतिपय विषयहरु सुस्पष्ट ढंगबाट आउन बाँकी नै भए पनि एउटा मन परेको विषयमध्येको एक चै प्रतिनिधी सभामा उनिहरुको प्रस्तुति हो । नयाँ शक्तिको रुपमा उदयमान हुने क्रममा रहेको पार्टीका सम्बन्धीत विषयका विज्ञ संसदहरुले दिईरहेका खोजमुलक, विश्लेषणात्मक र समालोचनात्मक टिप्पणीले उनिहरुको उपस्थिति दरिलो बन्दै गईरहेको छ । र ति विषयहरुलाई पछ्याईरहेका सामाजिक सञ्जाल प्रयोगकर्ताहरु र उनिहरुका सकारात्मक सन्देशलाई नजरअन्दाज गरिनु सायद जायज छैन ।

**केही यथार्थ**

नेपालको राजनीतिमा उदाईरहेका यि पात्रहरुलाई हेर्दै गर्दा विश्व राजनीतिलाई अलि नजिकबाट हेर्दा ३६ बर्षको उमेरमा दक्षिणपुर्वी युरोपियन देश मोन्टेनेग्रोमा वर्तमान राष्ट्रपति ज्याकोभ मिलाटोभिकले गत २० मे २०२३ देखि सत्ताको बागडोर सम्हाल्दै आएका छन् ।

त्यसैगरी पश्चिम अफ्रिकी देश वुर्किना फासोका वर्तमान राष्ट्रपती ईब्राईम ट्रावर ३५ बर्षमा शासन सञ्चालन गरिरहेका छन् । फिनल्याण्डकि तत्कालिन प्रधानमन्त्री सन्ना मरिन ३४ बर्षको उमेरमा सन् २०१९ मा प्रधानमन्त्रीको रुपमा आफुलाई उभ्याउदै गर्दा आफ्नो मन्त्रीमण्डल भित्र अन्य ५ जना ३५ बर्षभन्दा कम उमेरसमुहका मन्त्रीहरुमार्फत् आफ्नो कार्यकाललाई सकाउँदै गत जुन २० विदा भइन् । मरिन जस्तै अष्ट्रियामा दुई कार्यकाल चान्सलर बनेका सेबास्टियन क्रुज पहिलोपटक चान्सलर बन्दा जम्मा ३१ बर्षका थिए । सन् २०१७ देखि २०२१ सम्म दुईपटक चान्सलर बन्दै गर्दा उनले अष्ट्रियाको विकासनिर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गरेको प्रमाणहरु भेनिन्छन् । त्यसैगरि २८ बर्षको उमेरमा पहिलोपटक सांसद निर्वाचित भएकि न्युजल्याण्डकि तत्कालिन प्रधानमन्त्री (२०१७ - २०२३) ज्यासिन्डा आरडेनले आफ्नो अब्बल नेतृत्वलाई सावित गरेकि छिन् । अझै रोचक त युगान्डाकी प्रोस्कोभिया एलेन्गोट ओरोमाईट पहिलोपटक सांसद बन्दा जम्मा १९ बर्षकि थिईन् र अहिले पनि सांसदको रुपमा काम गरिरहेकी छिन् ।

विश्व राजनीतिका यि प्रतिनिधी उदाहरणको सामान्य चर्चापछि फेरि नेपालतिरकै कुरा गरौं । प्रधानमन्त्रीले माथि उठाएका दुवै विषय एक अर्कामा अन्तरसम्बन्धीत छन् । अन्तराष्ट्रिय श्रम संगठन (आईएलओ) को सन् २०२२ को प्रतिवेदनलाई मात्रै आधार मान्ने हो भने दुई आर्थिक बर्ष २०१९/२०, २०२१/२२ मा मात्रै (कोभिड चुनौतिका बाबजुत) ११ लाख नेपालीयुवाहरु देशबाहिर रोजगारिको सिलसिलामा गएका छन् । रोजगारिका लागि छिमेकी देश भारत जाने युवाको संख्याबाहेकको त्यो संख्यालाई मात्रै हेर्यो भने पनि दैनिक करिब १५००को हाराहारीमा युवा बाहिरिँदो छ । आईएलओको सोही प्रतिवेदनले वैदेशिक रोजगारिमा गएका युवाहरुको कारणले परिवारका सदस्यहरुको आर्थिक, शैक्षिक र सामाजिक स्तर सुधारमा महत्वपुर्ण टेवा पुर्याएको भनिएको छ । प्रतिवेदनमा नउठाईएको तर उल्लेखित क्षेत्रभन्दा अलि पृथक वैदेशिक रोजगारिमा गएका युवाजनले परिवारभित्रको राजनीतिक झुकाव कतातिर लैजाने भन्ने विषयमा राम्रै प्रभाव पारेका छन् भलै उनिहरुको मताधिकार छैन ।

देशभित्रनै रोजगारिको कोरा रटान लगाउने जुनसुकै व्यवस्था र नेतृत्वले नजरअन्दाज गरेको विषयहरुमध्ये देशभित्र रोजगारिको अवसर श्रृजना हुन नसक्नु, शिक्षा गुणस्तरिय नहुनु, सामाजिक परिवेश परिवर्तन हुँदै जानु र त्यसमा आफुलाई अभ्यस्त राख्न अदृश्य दबावको सामना जस्ता चोटिला विषयहरुले युवालाई वैदेशिक रोजगारिमा धकेलेको तितो यर्थात् विदितै छ । अमेरिकन समाजशास्त्री रोबर्ट के मेरटनले सन् १९३८मा अघि सारेको स्ट्रेन (तनाव) सिद्धान्तले भनेजस्तै समाजले यसका सदस्यहरुलाई जहिले पनि सामाजिक रुपमा स्थापित लक्ष्यहरु (जुन आफ्नो काबुमा सधैं नहुन सक्छन्) प्राप्तिको लागि दबाब श्रृजना गरिरहेको हुन्छ, जस्को कारणले तनावको स्थिति श्रृजना हुन्छ, र कतिपय बेलामा उक्त तनावले अपराधिक कृयाकलाप गर्न उद्धेलित गर्ने, आत्माहत्या गराउन प्रोत्साहन गर्ने लगायतका कठोर कुराका साथै आर्थिक सुरक्षाका उपायहरुको खोजि गराउने समेत गर्न सक्छ ।

सामाजिक सञ्जालमार्फत् देशमा के भईरहेको छ र कुन चाँही पार्टीले उनिहरुको भावना, बोली र व्यवहार बोलीरहेका छन् भनेर एकएक हिसाब गरिरहेका पुस्तालाई विगत यस्तो कहाँ थियो भनि कम आंकलन गरिदैं गर्दा ति युवा वर्तमानलाई मज्जाले हेरिरहेका छन् भन्ने चै किन बुझ्न नसकेका होलान्, प्रश्न गम्भीर छ ।

राष्ट्रिय जनगणना २०७८को तथ्याङ्क अनुसार नेपालमा युवा (राष्ट्रिय युवा नीति अनुसार १६-४० उमेर समुहलाई युवा मानिएको छ ) को जनसंख्या ४२.५६% (१२४१२१७३) रहेको छ जुन २०६८ को तथ्याङ्क ४०.३३% (१०६८९८४२) भन्दा २.२१% ले बढेर गएको देखिन्छ । जनसांख्यिक लाभाँसको रुपमा अबको करिब १५ बर्षसम्म रहने यो समुह राजनीतिमा जबरजस्त निर्णायक बनिरहेको छ भलै देशभित्रकै परिवेश आफु अनुकुल नभएकोले वैदेशिक भुमिमा बसेको किन नहोस् ।

**जनसांखिक लाभाँस लिने सम**

यमा रहेको नेपाल सरकारको नीति तथा कार्यक्रम २०८०/८१ लाई सरसर्ती हेर्दा पुनः कोरा नारावाजी मात्रै हो भन्न अतिशयोक्ती नहोला । समेट्न कुनैपनि विषय नछुटाएको सरकारले उद्यमशिलता प्रबर्द्धन गर्नुको साथै अबको दुई वर्ष भित्र पाँच लाख थप रोजगारी सिर्जना गर्ने, एकत्रित रुपमा उठ्न नसकिरहेको नीजि क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने, राष्ट्रिय प्राविधिक तथा व्यवसायिक प्रशिक्षक प्रतिष्ठान स्थापना गर्ने लगायतका महत्वकाँक्षी योजनाहरु पेश भएका छन् । नवप्रवर्तनमा आधारित उद्यम व्यवसाय सञ्चालन गर्ने, अनुसन्धान, आविष्कार र विज्ञान शिक्षाको विस्तारलाई प्रोत्साहन गर्न आविष्कार कोषको स्थापना गर्ने लगायतका मुद्दाहरु प्राथमिकतामा पर्दै गर्दा सरकारले सहुलियतपुर्ण कर्जा कार्यक्रमलाई कर्जाको प्रभावकारिता जाँच गर्ने नाममा विना घोषणा बन्द गरिदिएको छ ।

**कोल्टे फेर्न खोजिरहेको राजनीतिक दिशा**

समाजशास्त्री मिशेल फुकोल्टले 'सब्जेक्ट एण्ड पावर' भन्ने पुस्तकमा सरकारको बारेमा चर्चा गर्दै सरकारले नितान्त राजनीतिक संरचना वा त्यसको व्यवस्थापन भन्ने मात्र बुझाउँदैन कि समुदायस्तरमा रहने व्यक्ति वा समुहको कामलाई निर्देशित गरेको हुन्छ । पछिल्ला समयमा जेजति सरकार विभिन्न परिवेश र सन्दर्भमा भने फुकोल्टले भनेको जस्तो व्यक्ति वा समुहमा केन्द्रित हुनुको साटो राजनीतिक संरचना र त्यसको व्यवस्थापनमा नै केन्द्रित रह्यो । सरकार बनाउने, भत्काउने, भागवण्डा, सत्ताप्राप्ती र जोगावटको कारणमा अल्झिन अभ्यस्त स्थापित दलहरुको खिचातानीको प्रतिफल स्वरुप श्रृजित चरम वितृष्णाको चपेटामा परेका जनताहरुले विकल्प रोज्न थालिसकेको कुरा पछिल्ला चरणको तनहुँ र चितवनको निर्वाचनले नै सावित गरिसकेको छ । हुन पनि स्थापित दलले गर्ने भन्दा नगर्ने काम धेरै गरिरहने र त्यसबाट आउने नैराश्यतालाई संश्लेषण गर्दै अघि बढिरहेका युवा शक्तिको वेगलाई थाम्न निकै नै गाह्रो देखिन्छ ।

**अन्त्यमा**

दर्शनशास्त्र वास्तवमा नै पढेका वा पढेजस्तो गरेर भएपनि जनता (नेताको भाषामा) वास्तवमा पार्टी कार्यकर्तालाई भ्रमित पार्न सिपालु हाम्रा नेताहरुले समयसापेक्ष सहि निर्णय लिनै पर्दछ । पेचिलो बनेर आएको युवाशक्ति र आवेगलाई सम्हाल्न महत्वपुर्ण पहलकदमी शुरु नगर्ने हो भने राजनीतिको बागडोर पाकाको पञ्जाबाट नयाँ पुस्तामा जाने कुरालाई नकार्न सकिदैन ।

वर्तमान विश्वमा अब्बल मानिएको व्यवस्थाहरुमध्येको एक व्यवस्था, लोकतन्त्रको विकल्प तत्काल खोजिनु पक्कै गलत हुन्छ । यदि खोज्ने नै हुँदा आफ्नो सांगठनिक आधारशिला उपल्लोदेखि तल्लो तहसम्म भएका दलहरुलाई जति सहज नयाँ पार्टीहरुलाई नहुन सक्छ । तथापि कांग्रेस नेता गगन थापाले भने जस्तै स्थापित दल र तिनका पाका नेताहरुले जबसम्म पोलिटिकल एक्जीटको बाटोलाई छनोट गर्न सक्दैनन् र युवालाई विभिन्न वाहानामा अलमलाई राख्ने गर्ने स्थापित पार्टीहरुको शैलीले युवा शक्तिको सार्मथ्य झन् बढोत्तरी भएर जाने देखिन्छ चाहे त्यो दलभित्र होस् वा दल बाहिर वैकल्पीक शक्तिको रुपमा उदाउँदै गरेको समुहमा होस् ।

# राष्ट्रियसभाको बैठक आइतबार पनि स्थगन

काठमाण्डु । प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अभिव्यक्तिलाई लिएर संसद् अवरोध गर्दा राष्ट्रियसभामा विनियोजन विधेयक, २०८० अन्तर्गत मन्त्रालयगत शीर्षकमाथिको छलफल प्रभावित भएको छ।



राष्ट्रियसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत १२ मन्त्रालय र चार कार्यालयको विनियोजन शीर्षकमाथि छलफल हुने कार्यसूची थियो । बैठक प्रारम्भ हुनेबित्तिकै एमाले सांसदले उठेर विरोध जनाएका थिए । एमाले सांसद भगवती न्यौपानेले प्रधानमन्त्रीको राजीनामा नआएसम्म संसद्मा अवरोध कायमै रहने बताउनुभयो। एमालेले सोही विषयलाई लिएर चार दिनदेखि संसद् अवरुद्ध गर्दै आएको छ।

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले निरन्तर सदन अवरोध गरेर मात्रै समाधान नहुने भन्दै उहाँले आफ्नो विचार राखेर सदन सञ्चालनमा सहयोग गर्न आग्रह गर्नुभयो । संसद् अवरोध भएका सम्बन्धमा शीर्ष नेताहरु छलफल र संवादमा लाग्नुहुने विश्वास व्यक्त गर्दै उहाँले सदनलाई अगाडि बढाउन सहयोग गर्न आग्रह गर्नुभयो । "माननीय सदस्यहरु, म फेरि यहाँहरुलाई बस्न आग्रह गर्दछु। संवादबाट नै निष्कर्षमा पुग्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "हामीले आफ्ना विषयलाई उठाउने र सँगसँगै संसद्को नियमित कारबाहीलाई पनि अगाडि बढाउँदा नै ठिक ठाउँमा पुग्न सक्छौँ, त्यसले राष्ट्रियसभाको गरिमा पनि बढाउँछ। यस कारण माननीयज्यूलाई आसनग्रहण गरेर बैठक सञ्चालन गर्न दिन आग्रह गर्दछु।"

आइतबारको बैठकमा स्वास्थ्य तथा जनसङ्ख्या, सञ्चार तथा सूचना प्रविधि, परराष्ट्र, ऊर्जा, जलस्रोत तथा सिँचाइ, खानेपानी, अर्थ, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, शिक्षा, विज्ञान तथा प्रविधि, कानुन, न्याय तथा संसदीय मामिला, कृषि तथा पशुपक्षी, गृह र रक्षा मन्त्रालयका विनियोजन शीर्षकमाथिको छलफलको कार्यसूची थियो।

यस्तै राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उपराष्ट्रपतिको कार्यालय र राष्ट्रपति कार्यालयको विनियोजन शीर्षकमाथि छलफल हुने कार्यसूची तय भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ। राष्ट्रियसभाको अर्को बैठक यही असार २५ गते सोमबार बिहान ११:०१ बजे बस्नेछ। रासस

# खुकुलो मौद्रिक नीति ल्याउँदा अर्थतन्त्र चलायमान हुन्छ : अर्थमन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रलाई चलायमान बनाउन आगामी आर्थिक वर्षका लागि खुकुलो मौद्रिक नीति ल्याउन आवश्यक रहेको बताउनुभएको छ।

आर्थिक छलफल चौतारी नेपालले आइतबार काठमाडौँमा आयोजना गरेको 'नेपालको आर्थिक अवस्था र आगामी मौद्रिक नीति' विषयक अन्तरक्रिया कार्यक्रममा अर्थमन्त्री महतले आगामी मौद्रिक नीति तय गर्दा नीतिगत दर (पोलिसी रेट) मा सम्बोधन गरी खुकुलो गरेर जाँदा अर्थतन्त्र चलायमान हुने बताउनुभयो।



"मौद्रिक नीति खुकुलो हुने वित्तिकै अर्थतन्त्र चलायमान भएर सहजतातर्फ जान्छ", उहाँले भन्नुभयो, "कोभिड महामारी पछि पुनरुत्थानका लागि खुकुलो बनाइएको नीति बाह्य क्षेत्रमा समस्या देखिएपछि एकाएक कडाइ गरियो। त्यसको कडाइको प्रभाव अहिले पनि देखिरहेको छ।"

वित्त नीति र मौद्रिक नीति अर्थतन्त्रका मुख्य दुई उपकरण रहेको उल्लेख गर्नुहुँदै अर्थमन्त्री महतले अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंक बीचको समन्वयकारी भूमिका हुनुपर्नेमा जोड दिनुभयो। नेपाल राष्ट्र बैंकले स्वायत्त रुपमा काम गरोस् र समग्र अर्थतन्त्र सुधारका लागि पहल गरोस् भन्ने चाहना रहेको उहाँको भनाइ थियो।

"वित्त नीतिले एउटा र मौद्रिक नीतिले अर्को बाटो समत्यो भने हाम्रा लक्ष्य पूरा हुन सक्दैनन, अर्थमन्त्री महतले भन्नुभयो, "पदको दुरुपयोग मन्त्रालय वा राष्ट्र बैंक दुवैको नेतृत्वबाट हुन सक्छ। राष्ट्र बैंक स्वायत्त भनेर संवैधानिक आयोग जस्तो बनाएर जानुपर्छ भन्ने पनि हुँदैन। अन्तर्राष्ट्रिय अभ्यास पनि हेरिनुपर्छ।"

सरकारले वित्त नीतिमा अर्थतन्त्र सुधारका महत्वपूर्ण कार्यक्रम राखेको अर्थमन्त्री महतले बताउनुभयो । अहिले लागत महँगो हुँदा पुँजी प्रवाह हुन नसकेको र यसले समग्र अर्थतन्त्र चलायमान हुन नसकेको उहाँको भनाइ थियो।

आर्थिक अनुशासन पालना सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै अर्थमन्त्री महतले सरकारले अहिले अनावश्यक रकमान्तर रोकेको जानकारी दिनुभयो । उहाँले आगामी आर्थिक वर्षका लागि छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखिएकोमा त्यो पूरा हुनेमा आफू आशावादी रहेको धारणा व्यक्त गर्नुभयो।

प्रतिनिधिसभा सदस्य मेटमणि चौधरीले अर्थतन्त्रमा अहिले देखिएका समस्याको शीघ्र पहिचान गरी समाधानतर्फ लाग्नुपर्ने बताउनुभयो। "नेपालको अर्थतन्त्र गम्भीर अवस्थामा जाँदैछ, त्यसलाई कसरी पुनरुत्थान गर्ने भन्ने आवश्यकता छ", उहाँले भन्नुभयो, "हाम्रा नीति वा नियत केमा समस्या हो पहिचान गर्न आवश्यक छ।"

आर्थिक छलफल चौतारी नेपालका अध्यक्षसमेत रहनुभएका सांसद चौधरीले अर्थतन्त्र सुधारका लागि कुन ठाउँमा समस्या छ र कसरी सुधार गर्ने भनेर पहिचान गरिनुपर्नेमा जोड दिनुभयो। उहाँले आगामी आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिका लागि लिइएका सुझाव नेपाल राष्ट्र बैंकलाई दिने जानकारी दिनुभयो।

कार्यक्रममा अर्थविद डा डिल्लीराज खनालले बैंकिङ र वित्तीय क्षेत्रमा समस्या आउँदा समग्र अर्थतन्त्रमा नै समस्या आउने गरेको बताउनुभयो । "पछिल्ला दिनमा अर्थतन्त्र सुधारोन्मुख देखिए पनि अझै सङ्कट कायम छ। अहिले तरलता बढेको छ तर कर्जाको विस्तार हुनसकेको छैन", उहाँले भन्नुभयो।

बैंक तथा वितीय संस्थाको कर्जा विस्तार उत्पादनमूलक क्षेत्रमा हुन नसकेको अर्थविद डा खनालको भनाइ थियो। "कोभिड महामारी पछिको पुनरूत्थानका लागि हामीले विस्तारकारी मौद्रिक नीति ल्यायौँ । त्यो आवश्यक पनि थियो। पछि उक्त नीतिले समयानुकूल नतिजा दिन सकेन", उहाँले भन्नुभयो, "कहाँ लगानी भएको छ भन्ने विषयलाई हामीले उपेक्षा गरेका छौँ। साना, मझौला उद्योग र उत्पादन क्षेत्रमा लगानी नभएकाले बजारमा मूल्य वृद्धि देखिएको हो।"

घरजग्गालगायत अनुत्पादक क्षेत्रमा लगानी हुनु, कर्जाको ठूलो हिस्सा निश्चित ठूला घरानाले सहुलियतपूर्ण रुपमा प्रयोग गर्नु, सहकारी संस्था समस्याग्रस्त हुँदै जानुलगायत समस्या वित्तीय क्षेत्रमा रहेकाले यसलाई सुधार्नु पर्नेमा अर्थविद डा खनालले जोड दिनुभयो।

अर्थविद डा चन्द्रमणि अधिकारीले क्षेत्रगत कर्जाको नतिजा कुल गार्हस्थ्य उत्पादनमा देखिन नसकेको उल्लेख गर्नुभयो। "कृषि, जलविद्युतलगायत क्षेत्रमा प्रवाह भएको कर्जा अनुसार ती क्षेत्रले जीडिपीमा पुऱ्याएको योगदान कम छ", उहाँले भन्नुभयो।

कार्यक्रममा पूर्व बैंकर अनलराज भट्टराईले अहिले बजार माग खुम्चिएको उल्लेख गर्नुहुँदै मौद्रिक नीतिले निजी क्षेत्रलाई व्यवसाय गर्नसक्ने वातावरण बनाउन सक्नुपर्ने धारणा राख्नुभयो। रासस

# समितिका निर्देशन कार्यान्वयन नहुनु अवहेलना हो : ज्येष्ठ सदस्य केसी



केसी

काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखासमितिका ज्येष्ठ सदस्य सभापति राजेन्द्रकुमार केसीले समितिबाट विगतमा भएका निर्णय र निर्देशन कार्यान्वन नहुनु सरकारको हेलचेक्र्याइ मात्र नभइ सार्वभौम सम्पन्न ससदीय समितिप्रति अवहेलना भएको समेत बताउनुभएको छ।

लेखासमितिको आइतबार बसेको उहाँले नेपाली जनताले तिरेको करको संरक्षण गर्दै दुरुपयोग हुन नदिने जिम्मेवारी पनि समितिको भएको स्पष्ट पार्नुभयो। आइतबारको बैठकमा कार्यविधि निर्माण उपसमितिका संयोजक समेत रहनुभएका केसीले समितिको आन्तरिक कार्यविधिको मस्यौदा प्रतिवेदन पेस गर्नुभयो।

बैठकमा सदस्यहरुले समितिलाई प्रभावकारी तुल्याउन दिइएका निर्देशन र सुझाव कार्यान्वयन गर्न आवश्यक रहेकाले सरकारका मन्त्रीहरु बोलाएर जानकारी माग गर्नुपर्ने सुझाव दिनुभयो । उहाँहरुले समितिले मेहनतका साथ तयार गरेको अध्ययन प्रतिवेदनका सुझाव सरकारले कार्यान्वयन नगर्ने प्रवृत्ति अन्त्य गर्न जरुरी रहेको तथा समितिका प्रत्येक बैठकको उपलब्धि जनताले महसुस गर्ने खालको हुनुपर्ने धारणा राख्नुभयो। समिति सदस्य योगेशकुमार भट्टराईले संसद् र समितिलाई विजनेश दिएर प्रभावकारी तुल्याउने तथा समितिले दिएको निर्देशन विनाशर्त कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी सरकारको भएको विचार प्रकट गर्नुभयो । सदस्य दीपक गिरीले समितिको अध्ययन, अनुसन्धान, निर्णय र निर्देशन परिपक्क तथा देश र जनताले चाहेको जस्तो हुनुपर्छ भन्नेमा बैठकमा एउटै मत हुन आवश्यक रहेको धारणा राख्नुभयो।

समितिका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अर्को बैठकबाट कार्यविधि पारित गर्ने प्रतिवेदन अध्ययन गरी आउन समिति सदस्यलाई सुझाव दिनुभयो। उहाँले भन्नुभयो, "समितिले नेतृत्व छिटो पाओस्, कार्यतालिका बनाएर काम गरेर समितिलाई प्रभावकारी तुल्याऔं, महालेखापरीक्षकले औंल्याएको बेरुजुको चाङ ठूलो छ, त्यसको छिटो टुङ्गोमा पुऱ्याउनुपर्ने दायित्व छ।"

बैठकमा अघिल्लो कार्यकालमा समितिमा परेका एक सय २१ उजुरीमध्ये सुरक्षण मुद्रण, रेल बोलपत्र, ठेक्कापट्टाको सेटिङ, नेपाल ट्रष्टको जग्गा र पूर्वाधारण भाडालगायतजस्ता २१ वटा उजुरीसम्बन्धी विवरण अध्ययनका लागि सदस्यलाई वितरण गरियो। रासस

# राजसंस्था सम्बन्धी नीति पुनर्विचार गर्न राप्रपा नेपालले गठन गऱ्यो समिति

टुडे समाचारदाता

काठमाण्डु । राप्रपा नेपालले राजसंस्था सम्बन्धी पार्टीको नीति पुनर्विचारसहित पार्टीको आधिकारिक धारणा तय गर्न समिति गठन गरेको छ। आइतबार बसेको राप्रपा नेपालको केन्द्रीय कार्य सम्पादन समितिको बैठकले उपाध्यक्ष प्रा. डा. विष्णु बहादुर भण्डारीको संयोजकत्वमा प्रतिवेदन पेश गर्न समिति गठन गरेको हो।




समितिको सदस्यमा केशवराज श्रेष्ठ, बसन्तमान सिंह अधिकारी, हिक्मत बहादुर ढकाल, प्रा. नरप्रसाद थापा, माधव खत्री, रामनरेश यादव, सुनिता कुरुम्बाङ र सदस्य सचिवमा राजाराम बर्तौला 'चुनेली' रहेका छन् । समितिलाई एक महिनाभित्र प्रतिवेदन बुझाउन समय तोकिएको राप्रपा नेपालले जनाएको छ ।यस्तै बैठकले सनातन धर्म संस्कृतिको रक्षा र प्रवर्द्धनका लागि राष्ट्रिय सनातन धर्म संस्कृति परिषद् नेपाल गठन गर्ने निर्णय गरिएको छ। परिषद्को अध्यक्षमा प्रा. डा. विष्णु बहादुर भण्डारीलाई मनोनयन गरिएको छ।

यस्तै राष्ट्रिय खेलकुद संगठन नेपालको अध्यक्षमा दमन बस्नेत, राष्ट्रिय किसान संगठन नेपालको अध्यक्षमा डम्बर प्रसाद शिवाकोटी, सदस्य सचिवमा जनक फडेरा, राष्ट्रिय अपांग संगठन नेपालको अध्यक्षमा धनप्रसाद न्यौपाने र राष्ट्रिय मुस्लिम संगठन नेपालको अध्यक्षमा मो। खालिद इकवाल इराकीलाई जिम्मेवारी तोकिएको पार्टी प्रवक्ता बसन्तमान सिंह अधिकारीले बताए।

अधिकारीका अनुसार पार्टीको केन्द्रीय कार्य समितिको बैठक आगामी भदौको दोस्रो हप्ता काठमाडौँमा बस्ने भएको छ।

# एमालेले संसदमा प्रधानमन्त्रीलाई सम्बोधन गर्न दिनुपर्छ : प्रदीप यादव



टुडे समाचारदाता

काठमाण्डु । सत्तासाझेदार जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक प्रदीप यादवले एमालेलाई संसदमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई सम्बोधन गर्न दिनुपर्ने बताएका छन्।

प्रधानमन्त्रीलाई सम्बोधन गर्न समेत नदिएर संसद् अवरुद्ध गर्ने एमालेको कामले कसैलाई पनि फाइदा नपुग्ने उनको भनाई थियो।

आइतबार संघीय संसद् परिसरमा सञ्चारकर्मीहरुले राखेका जिज्ञासाको जवाफ दिने क्रममा प्रमुख सचेतक यादवले एमालेले निरन्तर संसद् अवरुद्ध गरेर मुलुक झनै संकटमा फस्दै जाने अवस्था आएको जिकिर समेत गरे। उनले संसद् अवरुद्ध गरेर एमालेले सिंगो मुलुकलाई नै घाटामा पार्ने काम गर्न नहुने बताए।

प्रमुख सचेतक यादवले प्रधानमन्त्री प्रचण्डले सबैलाई चित्त बुझाउने गरी संसदमा आफ्नो विवादास्पद अभिव्यक्तिबारे जवाफ दिने भएकाले एमालेले त्यसमा अवरोध गर्न नमिल्ने बताए।

प्रमुख सचेतक यादवले संसद् अवरुद्ध पार्नका लागि जनताले मत नदिएकोतर्फ पनि एमालेको ध्यानाकर्षण गराए।

# प्रमुख तीन दलले संसद्लाई सिन्डिकेट बनाउन खोजे : सभापति लामिछाने

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले संसद्लाई प्रमुख तीन राजनीतिक दलहरूले आफ्नो सिन्डिकेट बनाउन खोजेको बताएका छन्।

आइतबार नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै सभापति लामिछानेले संसद्लाई कांग्रेस, एमाले र नेकपा (माओवादी केन्द्र) का सांसदहरुले आफ्नो सिन्डिकेट बनाउन खोजेको बताएका हुन्।



सभापति लामिछानेले तीन राजनीतिक दलहरुका बीचमा सल्लाह मिल्दा संसद् चल्ने र सल्लाह नमिल्दा संसद् नचल्ने भएको भन्दै असन्तुष्टि व्यक्त गरे। उनले दलहरूले पटक-पटक यस्तो गरेको भन्दै अब आफूहरुले नसहने बताए । उनले आपसमा सल्लाह नगरी जुनकुनै मुद्दा संसदमा लिएर आउन आग्रह गरे।

सभापति लामिछानेले आफूहरु मिटरब्याज पीडितहरुको पक्षमा नरहेको प्रचार गरिएको भन्दै त्यसमा सत्यता नरहेको बताए।

आफूहरु मिटरब्याज पीडितको लागि आएको अध्यादेशको पक्षमै रहेको उल्लेख गर्दै उनले अन्तिम दिनमा संसदमा ल्याउनु नै सरकारको गल्ती भएको बताए। उनले आफूहरु संसद् सुचारु रुपमा चलोस् र प्रधानमन्त्रीले संसदबाट जवाफ दिनुपर्ने पक्षमा रहेको स्पष्ट पारे।

सभापति लामिछानेले यसअघिको बैठकमा एमालेका सांसदहरुले बोलेपछि सभामुखले आफूहरुलाई बोल्न नदिएर सबै प्रतिपक्षको आवाज नै त्यही हो भन्ने भाष्य निर्माण गरिएको बताए । उनले रास्वपाको आफ्नै अडान र मुद्दाहरु रहेको उल्लेख गर्दै त्यसमा आफूहरु अडिग रहेको बताए।

# प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने एमालेको अडान कायमै छ : पदम गिरी

टुडे समाचारदाता

काठमाण्डु । प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)ले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राजीनामा दिनुपर्ने आफ्नो पार्टीको अडान कायमै रहेको बताएको छ।

एमाले प्रमुख सचेतक पदम गिरीले प्रमुख तीन दलको बैठकले पनि निकास नदिएकाले प्रधानमन्त्री प्रचण्डले राजीनामा दिनुपर्ने एमालेको अडान यथावत् रहेको प्रष्ट्याएका हुन्।

आइतबार अपराह्न संघीय संसद् भवन परिसरमा सञ्चारकर्मीहरुले राखेका जिज्ञासाको जवाफ दिने क्रममा उनले प्रधानमन्त्री प्रचण्डले मुलुकको स्वाभिमान, स्वाधीनता र सार्वभौमिकतालाई माटोमा मिलाउने गरी दिएको अभिव्यक्ति कुनै पनि हालत क्षम्य हुने पटकपटक दोहोऱ्याए।

प्रमुख सचेतक गिरीले प्रधानमन्त्री प्रचण्डले आफूले दिएको अभिव्यक्तिप्रति संसदमा उभिएर माफी मागे संसद् सुचारु गराउन भने सकिने धारणा राखे। नेपाल राष्ट्र र नेपाली जनताको शिर निहुरिने गरी गम्भीर प्रकृतिको गल्ती भएकाले प्रधानमन्त्रीले राजीनामा दिनैपर्ने पार्टीको अडान रहेको उनको भनाई थियो।

प्रमुख सचेतक गिरीले विकसित देशहरुमा त्यहाँका कार्यकारी प्रधानमन्त्री वा राष्ट्रपतिले त्यस्तो अभिव्यक्ति दिएको भए तत्क्षणनै राजीनामा दिई सकेको हुने जिकिर समेत गरे।

प्रमुख सचेतक गिरीले सरकारले मिटरब्याँज पीडितहरुको समस्या सम्बोधन गराउनका लागि संसदमा मिटरब्याज सम्बन्धी विधेयक संसदमा नल्याएको दाबी समेत गरे।

# प्रमुख प्रतिपक्षले संसद् अवरोधको विश्व रेकर्ड कायम गर्न लाग्यो : सांसद दाहाल

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) का सांसद लेखनाथ दाहालले प्रमुख प्रतिपक्ष दल नेकपा(एमाले)ले संसद् अवरोधको विश्व रेकर्ड कायम गर्न लागेको बताएका छन्।

आइतबार नयाँ बानेश्वरस्थित संघीय संसद् भवनमा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उनले प्रमुख प्रतिपक्ष दल एमालेले संसद् अवरोधमा विश्व रेकर्ड कायम गर्न लागेको बताएका हुन्।

उनले एमाले नेपालको सन्दर्भमा सबैभन्दा धेरै संसद् अवरोध गर्ने पार्टीको रूपमा स्थापित भइसकेको भन्दै स-साना कुरामा पनि संसद् अवरोध गरेर विश्व रेकर्ड कायम गर्न लागेको बताए।

सांसद दाहालले संसद् अवरोध गर्ने संस्कारको अन्त्य गर्दै नीति निर्माण र बहसको थलोको रूपमा स्थापित गराउनुपर्नेमा जोड दिए।

उनले अवरुद्ध संसद् खुलाउने नाममा सरकारले भ्रष्टाचार विरोधी अभियान रोक्ने कुराको सम्झौता नगर्ने बताए।

त्यसैगरी सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै नेकपा (माओवादी केन्द्र) की सांसद नारायणी शर्माले अवरुद्ध संसद् खुलाउने मुख्य जिम्मेवारी सभामुखको भएको बताइन् । उनले प्रधानमन्त्रीको अभिव्यक्ति संसद् अवरोध गर्ने स्तरको नभएको पनि बताइन्। उनले प्रतिपक्षले आफूले राखेको मागको सम्बन्धमा पुनः सोच्नुपर्ने बताइन्।

सांसद शर्माले अवरुद्ध संसद् खुलाउन सभामुखले पहल गर्नुपर्नेमा जोड दिइन्।

## न्यायाधीश नियुक्त छिट्टै : प्रधानन्यायाधीश कार्की

विराटनगर। प्रधानन्यायाधीश हरि कृष्ण कार्कीले न्यायाधीश नियुक्तिको विषय छिट्टै टुङ्गो लाग्ने बताउनुभएको छ। विराटनगर विमानस्थलमा आइतबार सञ्चारकर्मीसँग प्रधानन्यायाधीश कार्कीले न्याय परिषदको बैठक बसेर यसलाई छिटो टुङ्गोमा पुऱ्याउने बताउनुभयो।

उहाँले न्यायपरिषद्को संरचनामा केही परिवर्तनको आवश्यकता भएको भन्दै आफ्नो नेतृत्वको समितिले दिएको प्रतिवेदन अनुसार कार्यान्वयन जरुरी रहेको बताउनुभयो। उहाँले सर्वोच्च अदालतमा गोलाप्रथा प्रणाली लागू भएपछि सहज भएको बताउनुभयो। रासस

# युक्रेन युद्धमा सामेल भएपछि दक्षिण कोरियाली सैनिकको विरोध

**बीबीसी**

शोल। सर्जेन्ट किम जे-क्युङ सियोलमा कोलम्बियाली दूतावास बाहिर पूर्ण सैन्य पोशाकमा उभिएका छन्। त्यसको एक दिन अगाडि उनी नेदरल्याण्डको दूतावास अगाडि उभिएका थिए भने त्यसअघि उनी ग्रीसको दूतावास बाहिर थिए।

पूर्व विशेष बल सिपाहीको 'एक व्यक्ति' प्रदर्शन उत्तर कोरियासँगको ज्ञढछण युद्धमा दक्षिण कोरियाको समर्थनमा सेना वा औषधि पठाउने सबै द्द देशहरूलाई धन्यवाद दिने उनको तरिका हो।

अब उनी आफ्नो देशले फेब्रुअरी २०२२ मा रुसले आक्रमण गरेको युक्रेनलाई सहयोग गर्न चाहन्छन्।

उनी भन्छन्, 'हाम्रो देशको लागि रगत बगाउने विदेशी सैनिकले गर्दा हामी विश्वकै १०औँ समृद्ध राष्ट्र भएकोमा हामी भाग्यमानी छौं।

यही भावनाले उनलाई युक्रेनको युद्धमा तान्यो, जहाँ उनले युक्रेनी सेनासँग चार महिनासम्म एन्टी-ड्रोन बन्दुकधारी र अन्तर्राष्ट्रिय सेनाको तेस्रो बटालियनमा चिकित्सकको रूपमा सेवा गरे।

किम कोरियाका थोरै व्यक्तिहरू मध्ये एक हुन् जसले आफ्नो सरकारको आदेशलाई बेवास्ता गरे र युक्रेन युद्धमा सामेल भए। युक्रेनले रुसबाट उत्तरपूर्वी सहर खार्किभ पुनः कब्जा गरेको केही दिनपछि किम त्यहाँ पुगेका हुन्। उसले त्यहाँ जे देख्यो, उसलाई "भयानक, शैतानी, युद्ध अपराध" भनिन्छ। सायद यही कारण हो कि उनीहरू दक्षिण कोरियाले युक्रेनलाई मद्दत गर्न केही गर्न चाहन्छन्।

**'हतियारले युद्धको दिशा बदल्न सक्छ'**

युक्रेनको गोला बारुद हप्तौं लामो काउन्टर अफेन्सिभमा द्रुत गतिमा सकिँदैछ र यसका सहयोगीहरूले त्यो गतिमा आपूर्ति गर्न सक्षम छैनन्। यसैबीच, दक्षिण कोरिया सबैभन्दा धेरै हतियार भएको देश हो। उत्तर कोरियासँगको यसको द्वन्द्व अझै समाधान भएको छैन र यो देशलाई कहिले गोला बारूद चाहिन्छ थाहा छैन।

तर दक्षिण कोरियाको रक्षा उद्योग निकै तीव्र गतिमा बढिरहेको छ। यहाँ ट्याङ्क र अन्य हतियारको उत्पादन कति गतिमा भइरहेको छ भनेर युरोपले कल्पना मात्र गर्न सक्छ।

युक्रेनमा युद्ध सुरु भएदेखि नै अमेरिका, बेलायत र ईयू देशहरूबाट सोलमाथि हतियार र गोलाबारुद पठाउनका लागि दबाब बढ्दै गएको छ। उनले दक्षिण कोरियाका राष्ट्रपति युन सुक योललाई अर्को हप्ता भिल्नियसमा हुने नेटो बैठकमा निम्तो दिएका छन्। दक्षिण कोरियाका लागि युक्रेनका राजदूत दिमित्रो पोनोमारेन्कोले मलाई दक्षिण कोरियाका हतियारहरूले "युद्धको सिलसिला परिवर्तन गर्न सक्ने" विश्वास गरेको बताए। युक्रेनका




राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले हालै यस्तै अपील गरेका छन्।

उनले भने, "कृपया ७० वर्षअघिको दिन सम्झनुहोस्, कोरियालाई सहयोगको अत्यन्तै आवश्यकता थियो। सारा विश्वले न्याय र स्वतन्त्रताको रक्षा गर्न कोरियालाई सहयोग गर्न हात बढायो। आज युक्रेनको अवस्था ७० वर्षअघिको कोरियाको जस्तो छ। तर रुसमाथि सबै अन्तर्राष्ट्रिय प्रतिबन्धहरू र युक्रेनलाई मानवीय सहायतामा २०० मिलियन डलरको बावजुद सरकारहरूले घातक हतियारहरू पठाउनबाट परहेज गरेका छन्।

राजनीतिज्ञहरू द्वन्द्वको समयमा देशहरूलाई हतियार नदिने नीतिको पछाडि सार्वजनिक रूपमा लुकेका छन्, तर अधिकांश नेताहरू व्यक्तिगत रूपमा रूसलाई क्रोधित गर्न डराउँछन्। युद्धअघि सन् २०२१ मा दुई देशबीच २७ अर्ब डलरको वार्षिक व्यापार थियो।

**दक्षिण कोरियाको चिन्ता**

रसियाले उत्तर कोरियालाई नियन्त्रण गर्न सक्ने सोलले पनि कतै महसुस गरिरहेको छ। भर्खरै एक दक्षिण कोरियाली कूटनीतिज्ञले मलाई भने, "रुसीहरूले हामीलाई स्पष्ट रूपमा भनेका छन् कि हतियार छोड्नु भनेको रातो रेखा हो जसलाई हामीले पार गर्यौं भने तिनीहरूले बदला लिनेछन्।"

यो प्रतिशोधात्मक कार्य आर्थिक प्रतिबन्धको रूपमा हुन सक्छ। रुसले उत्तर कोरियाली नेता किम जोङ उनलाई सियोलमाथि दबाब दिन सहयोग गर्न सक्छ। अप्रिलमा, पूर्व रूसी राष्ट्रपति दिमित्री मेदवेदेवले संकेत गरे कि यदि सियोलले युक्रेनलाई सैन्य सहायता प्रदान गर्दछ भने रूसले प्योङयाङलाई अत्याधुनिक आणविक हतियार प्रविधि प्रदान गर्न सक्छ। त्यसैले दक्षिण कोरियाले युक्रेनलाई हतियार दिने देशलाई हतियार दिने अडान लिएको छ। गत वर्ष दक्षिण कोरियाले पोल्याण्डलाई १२.७ बिलियन डलरको ट्याङ्क, जेट र अन्य हतियार बेचेको थियो। यो वर्ष ४० लाखभन्दा बढी राउण्ड हतियार बिक्री भएको छ।

अमेरिकालाई ल्ब्त्इ मापदण्डका लाखौं ज्ञछछक्ष राउन्डहरू आपूर्ति गर्न धेरै विचार-विमर्श पछि तोपखानाको निजी बिक्रीमा सहमत भएको छ। पोल्याण्ड र अमेरिकालाई युक्रेनमा यी हतियार पठाउनबाट कसैले रोक्न सक्दैन। दक्षिण कोरियाका केही रिपोर्टहरूले भनेका छन् कि केही हतियार र गोला बारुद पठाउने प्रक्रियामा छन्।

ब्रसेल्स स्कूल अफ गभर्नेन्सका कोरियाली अध्यक्ष रामोन पाचेको पारडो, सियोललाई थाहा छ कि यसको गोला बारुद युक्रेनमा पठाइँदैछ भन्ने विश्वास छ। उनी भन्छन्, "दक्षिण कोरियाली सरकारले युक्रेनमा आफ्नो ज्ञानविना नै घातक हतियार प्रयोग भइरहेको छ भन्ने कुरालाई नकार्न सक्दैन।" यद्यपि दक्षिण कोरियाली सरकारले राष्ट्रिय सुरक्षाको हवाला दिँदै यी सम्झौताहरूमा केही भन्न अस्वीकार गरेको छ। हतियार आपूर्तिको विषयमा आफ्नो नीतिमा कुनै परिवर्तन नभएको उनको भनाइ छ।

**'युद्ध अन्त्य गर्न जरुरी छ'**

तर जब युक्रेनकी प्रथम महिला ओलेना जेलेन्स्कीले मेमा सियोलको भ्रमण गरे, उनको सूचीबाट घातक हतियारहरू हराएका थिए। पश्चिमी कूटनीतिज्ञहरू सोच्छन् कि यसको मतलब युक्रेनलाई अप्रत्यक्ष आपूर्ति पर्याप्त भइरहेको छ। तर राजदूत पोनोमारेन्कोले सिधै थप हतियारको लागि आह्वान गर्दैछन्, "दक्षिण कोरियाले हामीलाई रक्षात्मक सैन्य हतियारहरू पठाउनुपर्छ, जस्तै क्षेप्यास्त्र विरोधी र एन्टी-ड्रोन प्रणाली।"

तर कतिपयले युद्धभन्दा पनि युद्धपछिको निर्माणमा दक्षिण कोरियाले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने विश्वास गर्छन्। कोरियाली नेशनल डिफेन्स युनिभर्सिटीका प्रोफेसर किम योङजुन सडक, अस्पताल, विद्यालय, दूरसञ्चार क्षेत्रमा कोरियाको अनुभव र विशेषज्ञता रहेको बताउँछन्। तर राजदूत पोर्नोमारेन्को पुनर्निर्माण अघि युद्ध अन्त्य गर्न आवश्यक रहेको बताउँछन्। र यसका लागि हामीलाई अत्याधुनिक हतियार चाहिन्छ।

**घरेलु राजनीति**

सन् २०२१ सम्म युक्रेनका लागि दक्षिण कोरियाका राजदूत रहेका क्वोन कि-चाङले दक्षिण कोरियाले किभको अपीललाई ध्यान दिनु पर्ने धारणा राख्छन्। उनी भन्छन्, 'हामी सानो देश भएको मानसिकताबाट बाहिर निस्कनुपर्छ र लोकतन्त्र र स्वतन्त्रताको रक्षाका लागि रुसको विरुद्धमा उभिन डराउनु हुँदैन।

हामीले छोटो समयको लागि आर्थिक नोक्सान भोग्नेछौं, तर हामी पुनः प्राप्त हुनेछौं। तर दक्षिण कोरिया युक्रेनलाई दक्षिण कोरियाको हतियार आपूर्तिको बारेमा रूसले जत्तिकै चिन्तित छ।

हालै गरिएको सर्वेक्षणमा, ५६% दक्षिण कोरियालीहरूले युक्रेनको सहयोगको विरोध गरेका छन् भने ४२%ले समर्थन गरेका छन्। अर्को वर्ष मुलुकमा निर्वाचन हुन लागेको र सरकार प्रतिपक्षको हातमा अर्को मुद्दा दिन चाहँदैन। यद्यपि, युक्रेनको अवस्थाले त्यस दिशामा जान बाध्य पार्न सक्छ। गत अप्रिलमा दक्षिण कोरियाका राष्ट्रपतिले ठूलो नागरिकमाथि आक्रमण भए युक्रेनमा हतियार पठाउनेबारे विचार गर्न सक्ने बताएका थिए।

# मनास्लु र आइएसलाई गोल्डेनगेट बास्केटबल उपाधि

काठमाण्डु। मनास्लु वर्ल्ड कलेज र आइएस नेपालले गोल्डेनगेट इन्टरनेसनल कलेज एसइई कप थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्।

मनास्लु ब्वाइज तथा आइएस गर्ल्समा च्याम्पियन बने। बत्तीसपुतलीस्थित आयोजक गोल्डेनगेट इन्टरनेसनल कलेजको कोर्टमा आज भएको ब्वाइज फाइनलमा मनास्लुले ग्रान्डीलाई २०-१७ ले पराजित गर्यो। गर्ल्सको उपाधि भिडन्तमा आइएसले आयोजकको बोर्न टू हुपलाई १६-७ ले हरायो। ब्वाइज/गर्ल्स दुवैमा पहिलो हुनेले २० हजार तथा दोस्रो हुनेले १० हजार नगद पुरस्कार हात पारे।

ब्वाइजमा मनास्लुका कोसिस भुजेल तथा गर्ल्समा आइएसएकी सन्ध्या डङ्गोल 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। दुवैले जनही रु पाँच हजार नगद पुरस्कार पाए।

विजेतालाई राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्य-सचिव एवम् गोल्डेनगेटका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार सिल्वाल र गोल्डेनगेटका प्रिन्सिपल रोहितबहादुर पौडेलले एक कार्यक्रमबीच पुरस्कार प्रदान गर्नुभयो।

तीनदिने प्रतियोगिताको ब्वाइजमा २२ टोलीले 'लिग कम नकआउट'का आधारमा प्रतिस्पर्धा गरेका थिए। राउन्ड रोबिन लिगका आधारमा भएको गर्ल्सको प्रतिस्पर्धामा चार टोली सहभागी थिए। रासस

# सुडान 'पूर्णतया गृहयुद्ध' को अवस्थामा पुगेको राष्ट्रसङ्घको भनाइ

**एएफपी**

सुडान। संयुक्त राष्ट्रसङ्घले सुडानको एक आवासीय क्षेत्रमा भएको हवाई आक्रमणमा परी करिब दुई दर्जन सर्वसाधारणको मृत्यु भएपछि द्वन्द्वग्रस्त सुडान 'पूर्ण गृहयुद्ध'को सङ्घारमा पुगेको चेतावनी दिएको छ।

खार्तूमको भगिनी शहर ओमदुरमानमा शनिबार भएको हवाई आक्रमणमा परी २२ जनाको मृत्यु हुनुका साथै ठूलो संख्यामा सर्वसाधारण घाइते भएको सुडानी स्वास्थ्य मन्त्रालयले जनाएको छ। सुडानका प्रतिद्वन्द्वी जनरलहरूबीच करिब तीन महिना लामो युद्धपछि भएको यो हवाई आक्रमण आक्रोश भड्काउने पछिल्लो घटना हो।

उहाँले भन्नुभयो, "द्वन्द्वमा करिब तीन व्यक्तिको मृत्यु भएको छ, पीडितहरूले यौन हिंसाको लहरको रिपोर्ट गरेका छन् र प्रत्यक्षदर्शीहरूले जातीय रूपमा लक्षित हत्याहरूको बारेमा बताएका छन्। त्यहाँ व्यापक लुटपाट भएको छ र संयुक्त राष्ट्रसङ्घले डार्फर क्षेत्रमा मानवताविरुद्धको सम्भावित अपराधबारे चेतावनी दिएको छ।"

स्वास्थ्य मन्त्रालयले फेसबुकमा पोस्ट गरेको भिडियोमा हवाई आक्रमणपछि टुक्रा-टुक्रा पारिएको शव आंशिक रूपमा भुइँमा ढाकिएको देखिएको



छ। पीडितमध्ये कैयौँ महिला पनि थिए। अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सेज (आरएसएफ) ले हवाई आक्रमणमा ३१ जनाको मृत्यु भएको दाबी गरेको छ।

एएफपीले सम्पर्क गरेका स्थानीयबासिन्दाले पनि हवाई आक्रमणको पुष्टि गरेका छन् तर आइतबार सशस्त्र बलले एक वक्तव्य जारी गर्दै भनेको छ, "वायु सेनाले ओमदुरमानमा कुनै पनि शत्रुतापूर्ण लक्ष्यको सामना गरेको छैन।"

युद्ध सुरु भएदेखि नै अर्धसैनिक बलले आवासीय क्षेत्रमा आधार खडा गरेका छन् र उनीहरूमाथि सर्वसाधारणलाई घरबाट निकालेको आरोप लाग्दै आएको छ।

मध्य खार्तूमस्थित राष्ट्रपति भवन नजिकै आइतबार थप हवाई आक्रमण हुनुका साथै शहरको दक्षिणमा मेशिनगन भिडन्त र तोप र गोलाबारी भएको प्रत्यक्षदर्शीले बताएका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले आइतबार ओमदुरमानमा भएको हवाई आक्रमणमा परी कम्तीमा २२ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको पुष्टि गर्दै यस घटनाले राष्ट्रसङ्घलाई चिन्तित बनाएको उल्लेख गर्नुभयो।

गुटेर्रेसले भन्नुभयो, "सशस्त्र बलबीच जारी युद्धले सुडानलाई पूर्ण गृहयुद्धको सङ्घारमा पुर्‍याएको र यसले पूरै क्षेत्रलाई अस्थिर बनाएकोमा राष्ट्रसङ्घ चिन्तित बनेको छ।

उत्तरपूर्वी अफ्रिकी मुलुक सुडानको सीमा जोडिएको अन्य गरिब देशहरू पनि शान्त छैनन्। इन्टरनेसनल अर्गनाइजेसन फर माइग्रेसनका अनुसार सुडानको लडाइँका कारण करिब ३० लाख मानिस विस्थापित भएका छन्, जसमध्ये करिब सात लाख छिमेकी मुलुकतर्फ भागेका छन्।

# प्रधानमन्त्री सरिफ र स्वीस विदेशमन्त्रीबीच भेटवार्ता

**सिन्ह्वा**

इस्लामावाद। पाकिस्तानी प्रधानमन्त्री र स्वीस विदेशमन्त्रीबीच द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउने विषयमा छलफल भएको छ।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले स्वीस सङ्घीय काउन्सिलर एवम् विदेशमन्त्री इग्नाजियो क्यासिससँगको भेटमा द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ पार्ने उपायहरूबारे छलफल गर्नुभएको प्रधानमन्त्रीको कार्यालयले जनाएको छ। प्रधानमन्त्री सरिफको निमन्त्रणामा संसद्का तीन सदस्यसहित स्वीस विदेशमन्त्री तीनदिने पाकिस्तान भ्रमणमा गत शुक्रबार इस्लामावाद आउनुभएको हो।

भेटमा प्रधानमन्त्री सरिफले स्विट्जरल्याण्डसँगको सम्बन्धलाई पाकिस्तानले उच्च महत्व दिएको बताउनुभएको थियो।

दुवै पक्षले विशेषगरी जलवायु परिवर्तन, व्यापार तथा लगानी, विकास सहयोग, उच्च शिक्षा र व्यावसायिक तालिमका क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउने प्रतिबद्धता दोहोर्‍याएका प्रधानमन्त्रीको कार्यालयले जारी विज्ञप्तिमा भनिएको छ।

पाकिस्तानी प्रधानमन्त्रीले स्वीस व्यवसायको समस्या समाधान गर्ने दृष्टिकोण र तिनीहरूको कार्य नैतिकताको प्रशंसा गर्दै थप स्वीस कम्पनीहरूलाई पाकिस्तानमा लगानी गर्न आमन्त्रणा गर्नुभयो। उहाँले विशेष गरी नवीकरणीय ऊर्जा र सूचना प्रविधिको क्षेत्रमा स्वीस लगानी आह्वान गर्नुभएको थियो।

प्रधान सरिफले सन् २०२२ मा बाढीबाट आहत भएको पाकिस्तानलाई सहयोग गरेकामा स्वीस सरकारप्रति कृतज्ञता व्यक्त गर्नुभएको थियो।

# अमेरिकामा सानो विमान दुर्घटना हुँदा छ जनाको मृत्यु

**सिन्ह्वा**

लस एञ्जलस। अमेरिकाको पश्चिमी राज्य क्यालिफोर्नियामा शनिबार बिहान एउटा सानो व्यापारिक जेट दुर्घटना हुँदा छ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। रिभरसाइड काउन्टी शेरिफ विभागका अनुसार लस एन्जलसबाट करिब १५० किलोमिटर दक्षिणपश्चिममा रहेको दक्षिणपश्चिमी रिभरसाइड काउन्टीको शहर मुरिएटामा विमान दुर्घटनाग्रस्त भएको प्रहरीले जनाएको छ। दुर्घटनाग्रस्त विमानले



लस भेगासको ह्यारी रीड अन्तर र्राष्ट्रिय विमानस्थलबाट उडान भरेको थियो।

गत मङ्गलबार यही क्षेत्रमा सेसना विमान दुर्घटना हुँदा एक जना विद्यार्थी पाइलटको मृत्यु भएको थियो भने तीन जना घाइते भएका थिए। सङ्घीय उड्डयन प्रशासन तथा राष्ट्रिय यातायात सुरक्षा बोर्डद्वारा दुर्घटनाको अनुसन्धान भइरहेको छ।

# चीन-इयू व्यापार असहमति बढ्दो, युरोपेली सङ्घका विदेश मामिला प्रमुखको भ्रमण रद्द

**एएफपी**

बेइजिङ। चीनले युरोपेली सङ्घका विदेश मामिला र सुरक्षा नीतिका लागि उच्च प्रतिनिधि जोसेप बोरेलको चीन भ्रमण रद्द गरेको छ। चीन र इयूबीच व्यापार, मानव अधिकार र युक्रेन द्वन्द्वमा चलिरहेको असहमतिलाई लिएर बेइजिङले यो भ्रमण रद्द गरेको हो।

चीनका लागि युरोपेली सङ्घका राजदूत राजदूत जर्ज टोलेडोले जोसेप बोरेल चिनियाँ विदेशमन्त्री छिन गङ र अन्य अधिकारीसँग वार्ता गर्न भोलि असार २५ गते बेइजिङमा अवतरण गर्ने कार्यक्रम रहेकामा त्यो अब रद्द भएको बताएका छन्।

चिनियाँ र युरोपेली कूटनीतिज्ञ व्यापार, मानवअधिकार र रुस-युक्रेन जारी द्वन्द्वमा चीनको अडानलगायत विषयमा छलफल गर्ने 'एजेन्डा' मा काम गरिरहेका थिए।

चीनले बोरेलको भ्रमण रद्द गरेको युरोपेली सङ्घले औपचारिकरूपमा जनाएको छ तर भ्रमण रद्द गर्नुको कारण भने खुलाइएको छैन। चिनियाँ पक्षले नै भ्रमण रद्द हुनुको कारणबारे जानकारी नदिएको जनाइएको छ। नयाँ मितिमा बोरेलको भ्रमण हुने अपेक्षा गरिएको सङ्घका प्रवक्ता नबिला मस्रालीले बताएकी छन्।

यसैबीच, चिनियाँ



विदेशमन्त्रीका प्रवक्ता वाङ वेनबिनले पनि इयुसँगको सम्बन्धलाई चीनले उच्च महत्व दिएको बताउँदै दुवै पक्षलाई सहज हुने मितिमा उच्च प्रतिनिधि बोरेललाई चीनमा स्वागत गरिने स्पष्ट गरेका छन्। इयूसँग विभिन्न क्षेत्रमा र सबै तहमा भ्रमण आदानप्रदान गर्न चीन इच्छुक रहेको बताउँदै उनले ब्रसेल्ससँग बेइजिङ सम्पर्कमा रहिरहने स्पष्ट गरे।

युरोपेली सङ्घका सदस्य राष्ट्रको शिखर सम्मेलनले चीन बाहेक अन्य स्रोतबाट महत्वपूर्ण सामग्री खरिद गर्ने रणनीतिप्रति समर्थन जनाएपछि बेइजिङ बिच्किएको अनुमान गरिएको छ। चिनियाँ व्यापार र आपूर्ति शृं लामा निर्भरता कम गर्ने युरोपेली सङ्घको निर्णयप्रति पनि उसको विमति छ। जोसेप बोरेल युक्रेन द्वन्द्वमा चीनको अडानको विशेष आलोचक हुन्। इयुले ताइवान मामिलाप्रति बेइजिङको रवैयालाई लिएर असहमति जनाउँदै आएको छ। बेजिङले बल प्रयोग गरेर भएपनि ताइपेइलाई तह लगाउने धम्की दिँदै आएको छ।

इयूले युक्रेनबाट तत्काल र बिनाशर्त आफ्ना सेना फिर्ता गर्न रुसलाई दबाब दिन चीनलाई आग्रह गर्दैआएको छ। चीन भ्रमणका क्रममा युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डर लेयन र फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले त्यस्तै अनुरोध गर्नुभएको थियो।

# भवन भत्किँदा एकै परिवारका तीन जनाको मृत्यु

**एएनआई**

शिमला। हिमाचल प्रदेशको शिमलामा आइतबार भारी वर्षाका कारण घर भत्किँदा एकै परिवारका तीन जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

मसलधारे वर्षाका बीच आइतबार बिहान शिमलाको कोटगढ गाउँमा उक्त दुर्घटना भएको सरकारी अधिकारीहरूले बताएका छन्। भग्नावशेषबाट दुई जना घाइतेलाई बाहिर निकालेर नजिकैको अस्पताल पुर्‍याएको छ।

यसैबीच, उत्तर प्रदेशको मैनपुरी जिल्लामा चट्याङ लागेर एक महिलासहित तीन जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन्। शनिबार चट्याङको घटना भएको हो। घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको मैनपुरीका अतिरिक्त जिल्ला मजिस्ट्रेट रामजी मिश्राले एएनआईलाई बताएका छन्।

# हवाई आक्रमणमा बाइस जना मारिए




**सिन्ह्वा**

खार्तुम। सुडानको ओमदुरमान शहरमा शनिबार भएको हवाई आक्रमणमा कम्तीमा २२ जनाको मृत्यु भएको छ। आवासीय क्षेत्रमा हमला हुँदा उक्त हताहति भएको हो।

स्वास्थ्य मन्त्रालयका अनुसार शनिबार बिहान ओमदुरमानको पश्चिममा रहेको दार अल-सलाम अल-अम्रिया क्षेत्रमा भएको हवाई हमलामा २२ नागरिकको मृत्यु भएको छ भने धेरै मानिस घाइते भएका छन्।

यससम्बन्धमा सुडानी सेनाले अहिलेसम्म कुनै प्रतिक्रिया दिएको छैन। अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्सले एक विज्ञप्ति निकालेर आक्रमणको निन्दा गरेको छ।



सडक छेउ हुँदै जङ्गलमा बाख्रा चराउन लैजाँदै किसान। तस्बिर : रासस

# २४ कम्पनीलाई सोधियो स्पष्टीकरण

काठमाण्डु । सार्वजनिक खरिद अनुगमन कार्यालयले २४ निर्माण कम्पनी तथा आपूर्तिककर्तालाई सात दिने लिखित स्पष्टीकरण सोधेको छ

कार्यालयले विभिन्न सरकारी निकायको सिफारिसमा आयोजनाका काममा ढिलासुस्ती गर्ने र सन्तोषजनक काम नगर्नेलाई सात दिने स्पष्टीकरण सोधेको हो।

यसअघि ३० दिने स्पष्टीकरण सोधिएकोमा कुनै जवाफ नआएपछि कार्यालयले ती कम्पनीलाई सात दिने स्पष्टीकरण सोधेको हो।

स्पष्टीकरण पेस गर्न भनिएका कम्पनीमा सिरुवा कन्ट्रक्सन तीनकुने, खहरेखोला इन्टरप्राईजेज गोठाटार, पुतलीकाठ निर्माण सेवा प्रालि दोलखा, लामाबुद्ध निर्माण तथा समग्री सप्लायर्स हरहरमहादेव कागेश्वरी, एक्सन बिल्डर्स प्रालि तनहुँ, नुरी कन्ट्रक्सन प्रालि बर्दिया, शिवालय बिल्डर्स हेटौँडा, अन्तरता इन्टरनेस्लन कोटेश्वर,आरडि सप्लायर्स पुतली सडक छन्।

यसैगरी नागार्जुन शङ्करमाली जेभी (नागार्जुन कन्ट्रक्सन प्राली, शङ्कर माली निर्माण सेवा प्राली) कमलादी, एञ्जल निर्माण सेवा बानेश्वर, एकेएस कन्ट्रक्सन भरतपुर चितवन, कश्यप/आर्भन जेभी भरतपुर चितवन, तिइभु निर्माण सेवा रोल्पा, इसु इन्फर्मेसन सर्भिस ग्रुप, तत्थ्य इन्जिनियरिङ इन्फा प्रोजेक्ट प्रालि मुम्बै, रुपन्देही बिल्डर्स एण्ड कन्ट्रक्सन प्रालि काठमाडौं तथा आर्भन कन्ट्रक्सन प्रालि छन्। रासस

*स्पष्टीकरण पेस गर्न भनिएका कम्पनीमा सिरुवा कन्ट्रक्सन तीनकुने, खहरेखोला इन्टरप्राईजेज गोठाटार, पुतलीकाठ निर्माण सेवा प्रालि दोलखा, लामाबुद्ध निर्माण तथा समग्री सप्लायर्स हरहरमहादेव कागेश्वरी, एक्सन बिल्डर्स प्रालि तनहुँ, नुरी कन्ट्रक्सन प्रालि बर्दिया, शिवालय बिल्डर्स हेटौँडा, अन्तरता इन्टरनेस्लन कोटेश्वर,आरडि सप्लायर्स पुतली सडक छन्।*

# बूढीगण्डकी अगाडि बढाउने तयारी, प्राधिकरणको उच्च नेतृत्व आयोजनास्थलमा



काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले राष्ट्रिय गौरवको एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माण अगाडि बढाउन पहल सुरु गरेको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनबमोजिम प्राधिकरणको उच्च नेतृत्वले शनिबार आयोजनाको निर्माण प्रक्रिया सुरु गर्न प्रस्तावित निर्माण स्थल र जलाशय क्षेत्रको स्थलगत निरीक्षण गरेको हो।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको नेतृत्वमा उपकार्यकारी निर्देशक प्रदीपकुमार थिके र आयोजनाको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनःस्थापना इकाइ संयोजक जगतकुमार श्रेष्ठ सम्मिलित टोलीले बाँध तथा विद्युत् गृह निर्माणस्थल र डुबान क्षेत्रको स्थलगत निरीक्षण भ्रमण गरेको हो।

टोलीले गोरखाको गण्डकी गाउँपालिका र धादिङको सिद्धलेक गाउँपालिको सिमानामा पर्ने प्रस्ताव गरिएको बाँध निर्माण स्थल, सिद्धलेक गाउँपालिकाको सलाङमा विद्युतगृह निर्माण स्थल, जलाशयबाट डुबानमा पर्ने आरुघाट क्षेत्र, आर्खेतलगायतका ठाउँको निरीक्षण गरेको थियो । सो अवसरमा टोलीले आयोजनाका लागि आवश्यकपर्ने जग्गा अधिग्रहण, मुआब्जा तथा क्षतिपूर्ति वितरणको हालसम्मको प्रगतिलगायतका विषयमा समेत जानकारी लिएको थियो।

सरकारले आयोजनालाई कम्पनी मोडेलमा निर्माण गर्ने निर्णय गरेको छ । आयोजना निर्माणका लागि बूढीगण्डकी जलविद्युत् कम्पनी स्थापना गरिएको छ । प्राधिकरणको नेतृत्व तथा अगुवाइमा आयोजना निर्माणका लागि कम्पनीको सेयर संरचना पुनःसंरचना गर्न छलफल भइरहेको कार्यकारी निर्देशक घिसिङले बताउनुभयो।

काठमाडौँ, चितवन, पोखराजस्ता विद्युत् लोड सेन्टरबाट नजिक रहेका कारण पनि बूढीगण्डकीको रणनीतिक महत्व छ। स्वदेशी पुँजीको एकीकृत उपयोग गर्ने गरी कम्पनीमा प्राधिकरणको बहुमत सेयर रहने, सर्वसाधारणलाई पनि सेयर निश्कासन गर्ने, सरकारले नपुग रकम लगानी गर्ने तथा अतिसहुलियतपूर्ण ऋण दिने तयारी छ । सोही आधारमा आयोजनाको वित्तीय व्यवस्थापन गर्न छलफल भइरहेको कार्यकारी निर्देश घिसिङले जानकारी दिनुभयो।

"सरकारले पेट्रोलियम इन्धन आयातमा लगाउँदै आएको पूर्वाधार करको आधा रकम सिधै आयोजनाको खातामा जम्मा गर्ने व्यवस्था पनि गर्न सकिएमा लगानीका लागि कुनै समस्या हुँदैन", उहाँले भन्नुभयो।

प ्र ा न स े ल ी परामर्शदाताले सन् २०१५ मा तयार पारेकोप्रतिवेदनअनुसारआयोजनाको अनुमानित लागत दुई अर्ब ५९ करोड अमेरिकी डलर रहेको छ। हालको मूल्यमा पुनरावलोकन गरिएको आयोजनाको अनुमानित लागत दुई अर्ब ७७ करोड डलर रहेको छ। आयोजनाको निर्माण अवधि आठ वर्ष रहेको छ।

आयोजनाको सबैभन्दा जटिल मानिएको जग्गा प्राप्तिको प्रगति करिब ९० प्रतिशत छ । जग्गाको मुआब्जा, संरचना, बोटबिरुवा तथा फलफूको क्षतिपूर्तिबापत जग्धानीलाई करिब रु ४२ अर्ब वितरण गरिएको छ । आयोजनाबाट भौतिक तथा आर्थिकरुपमा गोरखा र धादिङका आठ हजार एक सय १७ घरपरिवारका प्रभावित हुनेछन्। यसमध्ये तीन हजार पाँच सय ६० घरपरिवार पूर्णरुपमा विस्थापित हुने छन्।

गोरखा र धादिङ जिल्लाको सीमा भएर बग्ने बूढीगण्डकी नदी थुन्नका लागि दुई सय ६३ मिटर अग्लो कर्भेचरयुक्त आर्च बाँध बनाइनेछ। बाँध बाँधेपछि धुनिएको पानीको जलाशय माथिल्लो तटीय क्षेत्रमा ६३ वर्गकिलोमिटरसम्म फैलनेछ।

जसबाट धादिङका साविका १४ गाविस (हाल चार गाउँपालिका तथा एक नगरपालिका) र गोरखाका १३ गाविस (हाल चार गाउँपालिका) प्रभावित हुनेछन् । आयोजनाको अधिकतम जलशतह ५४० मिसम्म रहनेछ।

आयोजनाबाट वार्षिकरुपमा तीन अर्ब ३८ करोड ३० लाख युनिट विद्युत् उत्पादन हुने छ। आयोजना राष्ट्रिय गौरवको हो। प्रधानमन्त्रीले सदनमा र अन्य सार्वजनिक कार्यक्रममा समेत यसै महिनाभित्र आयोजनाको कार्यालय सञ्चालन र शिलान्यास हुने बताइसक्नुभएको छ। रासस

# बजेट खर्चको स्थिति प्रदेशमा झन् खराब, जेठसम्म ४९ प्रतिशत मात्रै खर्च

काठमाण्डु । चालु आर्थिक वर्ष २०७९/८० को जेठ मसान्तसम्म प्रदेशहरूको बजेट खर्च आधा मात्रै देखिएको छ। चालु आर्थिक वर्षका लागि प्रदेशहरूले ल्याएको बजेटको आकार रू तीन खर्ब छ अर्बमध्ये जेठ मसान्तसम्म रू एक खर्ब ५१ अर्ब ३० करोड बराबर खर्च गरेको देखिन्छ । जुन कुल वार्षिक विनियोजन बजेटको ४९ दशमलव ४५ प्रतिशत हो।

महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको प्रदेशहरुको बजेट खर्चसम्बन्धी तथ्याङ्कअनुसार ११ महिनामा सबैभन्दा धेरै कोशी प्रदेशले ६१ दशमलव ४१ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशले ३६ दशमलव २५ प्रतिशत बजेट खर्च गरेका छन्। सो अवधिमा बागमती प्रदेशले ५० दशमलव ६२ प्रतिशत, गण्डकी प्रदेशले ४८ दशमलव १९ प्रतिशत, लुम्बिनी प्रदेशले ५५ दशमलव ५४ प्रतिशत, कर्णाली प्रदेशले ४५ दशमलव ६० प्रतिशत र सुदूरपश्चिम प्रदेशले ४८ दशमलव ५४ प्रतिशत बजेट खर्च गरेको देखिन्छ।

सो अवधिमा चालुतर्फको औसत खर्च ५५ दशमलव ६८ प्रतिशत र पुँजीगततर्फको औसत खर्च ४६ दशमलव ११ प्रतिशत छ।

**कोशी प्रदेश**

कोशी प्रदेशले चालु आर्थिक वर्षका लागि कुल रू ३९ अर्ब ९१ करोडको बजेट ल्याएकोमा जेठ मसान्तसम्ममा रू २४ अर्ब ५१ करोड बराबर खर्च भएको छ। प्रदेशले चालुतर्फ ७० प्रतिशत र पुँजीगततर्फ ५५ प्रतिशत खर्च गरेको छ।


चालु आवका चालुतर्फ रू १६ अर्ब ६२ करोड र पुँजीगततर्फ रू २३ अर्ब २९ करोड छुट्याइएमा जेठ मसान्तसम्ममा कोशी प्रदेशले चालुतर्फ रू ११ अर्ब ६५ करोड र पुँजीगततर्फ रू १२ अर्ब ८६ करोड खर्च भएको छ।

**मधेश प्रदेश**

अन्य प्रदेशको तुलनामा मधेश प्रदेशको बजेट खर्च सबैभन्दा कम छ । चालु आर्थिक वर्षका लागि कुल रू ४६ अर्ब ९८ करोड बराबरको बजेट ल्याएकोमा जेठ मसान्तसम्ममा रू १७ अर्ब तीन करोड खर्च भएको छ। जुन वार्षिक विनियोजनको ३६ दशमलव २५ प्रतिशत बराबर हो।

मधेश प्रदेशले ११ महिनामा चालु शीर्षकमा ३३ प्रतिशत र पुँजीगत शीर्षकमा ३८ दशमलव ३४ प्रतिशत बजेट खर्च गरेको छ। चालुतर्फ रू २० अर्ब ८० करोड बजेट रहेकोमा रू ६ अर्ब ९९ करोड ६७ लाख मात्रै खर्च भएको छ। त्यस्तै, पुँजीगत शीर्षकमा रू २६ अर्ब १८ करोड बजेट रहेकोमा विनियोजनको ३८ प्रतिशत अर्थात् रू १० अर्ब चार करोड खर्च भएको छ।

| प्रदेशको नाम | चालुतर्फको विनियोजन | चालु खर्च | चालुतर्फको खर्च (%) | पुँजीगततर्फको विनियोजन | पुँजीगत खर्च | पुँजीगत खर्च (%) | वित्तीयव्यवस्था विनियोजन | वित्तीय व्यवस्था खर्च | कुल बजेटखर्च | कुल खर्च (%) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी | 16620691532 | 11653483076 | 70.11 | 23297220798 | 12860536383 | 55.20 | | | 24514019459 | 61.41 |
| मधेश | 20805521907 | 6996759941 | 33.629 | 26182986210 | 10040869681 | 38.34 | | | 17037629622 | 36.25 |
| बागमती | 26841514066 | 16538116894 | 61.61 | 42097776934 | 19376295840 | 46.02 | 2000000000 | 600000000 | 35914412734 | 50.62 |
| गण्डकी | 12809303202 | 6950470691 | 54.26 | 22599699798 | 10355201352 | 45.82 | 500000000 | 0 | 17305672043 | 48.19 |
| लुम्बिनी | 17943216860 | 10982369334 | 61.20 | 24791597140 | 12756140817 | 51.45 | | | 23738510151 | 55.54 |
| कर्णाली | 13082049755 | 7018403696 | 53.64 | 19667944200 | 7917349495 | 40.25 | | | 14935753191 | 45.60 |
| सुदूरपश्चिम | 12258993111 | 6782866059 | 55.32 | 24233771889 | 11077947113 | 45.71 | 300000000 | 0 | 17860813172 | 48.54 |
| जम्मा | | 66922469691 | 55.68 | | 84384340681 | 46.11 | | | | 49.45 |




चालु शीर्षकमा रू १२ अर्ब ८० करोड ९३ लाख बराबरको बजेट ल्याइएकोमा जेठ मसान्तसम्ममा रू ६ अर्ब ९५ करोड र पुँजीगत शीर्षकमा रू २२ अर्ब ५९ लाख बराबरको बजेट ल्याएको कर्णाली प्रदेशले यो अवधिसम्ममा रू १४ अर्ब ९३ करोड बराबर बजेट खर्च गरेको देखिन्छ।

चालु शीर्षकमा ५३ दशमलव ६४ प्रतिशत र पुँजीगत शीर्षकमा ४० ८२ प्रतिशत बजेट खर्च गरेको छ।

**बागमती प्रदेश**

बागमती प्रदेशले चालु आर्थिक वर्षका लागि रू ७० अर्ब ९३ करोड ९२ लाखको बजेट ल्याएकोमा जेठ मसान्तसमममा ५० दशमलव ६२ प्रतिशत अर्थात् रू ३५ अर्ब ९१ करोड बजेट खर्च गरेको छ । यस अवधिसम्ममा बागमती प्रदेशको बजेट खर्च चालु शीर्षकमा ६१ दशमलव ६१, पुँजीगत शीर्षकमा ४६ प्रतिशत र वित्तीय व्यवस्थापन शीर्षकमा ३० प्रतिशत बराबर छ।

चालु शीर्षकमा रू २६ अर्ब ८४ करोड बराबर बजेट रहेकोमा रू १६ अर्ब ५३ करोड, पुँजीगत शीर्षकमा रू ४२ अर्ब नौ करोड बजेट छुट्याइएकोमा रू १९ अर्ब ३७ करोड र वित्तीय व्यवस्थापन शीर्षकमा रू दुई अर्ब बजेट छुट्याइएकोमा रू ६० करोड खर्च भएको छ।

**गण्डकी प्रदेश**

जेठ मसान्तसम्ममा गण्डकी प्रदेशको बजेट खर्च ४८ प्रतिशत बराबर छ । यो प्रदेशले चालु आर्थिक वर्षका लागि रू ३५ अर्ब ९० करोड ९० लाख बराबरको बजेट ल्याएकोमा गत जेठ मसान्तसम्ममा रू १७ अर्ब ३० करोड बराबर खर्च गरेको हो।

यो प्रदेशले हालसम्म चाल शीर्षकमा ५४ र पुँजीगत शीर्षकमा ४५ दशमलव बजेट छुट्याइएकोमा रू १० अर्ब ३५ करोड बराबर बजेट खर्च भएको छ । वित्तीय व्यवस्थापन शीर्षकमा रू ५० करोड बजेट छुट्याएको यो प्रदेशको उक्त शीर्षकको खर्च भने शून्य छ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेशको बजेट खर्च चालु आवको जेठ मसान्तसम्म रु २३ अर्ब ७३ करोड बराबर छ। जुन चालु आर्थिक वर्षका लागि यो प्रदेशले छुट्याएको कुल विनियोजनको ५५ दशमलव ५४ प्रतिशत बराबर हो।

चालु आर्थिक वर्षका लागि लुम्बिनी प्रदेशले कुल रू ४२ अर्ब ७३ करोड बराबरको बजेट ल्याएको थियो। चालु शीर्षकमा रू १७ अर्ब ९४ करोडको बजेट ल्याइएकोमा ६१ दशमलव २० प्रतिशत अर्थात् रू १० अर्ब ९८ करोड र पुँजीगत शीर्षकमा रू २४ अर्ब ७९ करोडको बजेट ल्याइएकोमा ५१ दशमलव ४५ प्रतिशत अर्थात् रू १२ अर्ब ७५ करोड बराबर खर्च भएको छ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशले चालु आवको जेठ मसान्तसम्म ४५ दशमलव ६० प्रतिशत बजेट खर्च गरेको छ । चालु आर्थिक वर्षका लागि कुल रू ३२ अर्ब ७४ करोड दशमलव २५ प्रतिशत बजेट खर्च भएको देखिन्छ। कर्णाली प्रदेशले चालु शीर्षकमा चालु आवका लागि रू १३ अर्ब आठ करोड बराबर विनियोजन गरेकोमा रू सात अर्ब एक करोड र पुँजीगत शीर्षकमा रू १९ अर्ब ६६ करोड विनियोजन गरेकोमा रू सात अर्ब ९१ करोड बराबर खर्च गरेको छ।

**सुदूरपश्चिम प्रदेश**

सुदूरपश्चिम प्रदेशले चालु आर्थिक वर्षका लागि रू ३६ अर्ब ७९ करोड बराबरको बजेट ल्याएकोमा जेठ मसान्तसम्ममा ४८ दशमलव ५४ प्रतिशत अर्थात् रू १७ अर्ब ८६ करोड बराबर खर्च गरेको छ।

प्रदेशले चालु शीर्षकमा रू १२ अर्ब २५ करोड विनियोजन गरेकोमा ५५ दशमलव ३२ प्रतिशत अर्थात् रू छ अर्ब ७८ करोड खर्च गरेको छ। पुँजीगत शीर्षकमा रू २४ अर्ब २३ करोड विनियोजन भएकोमा ४५ दशमलव ७१ प्रतिशत अर्थात् रू ११ अर्ब सात करोड बराबर खर्च गरेको छ। वित्तीय व्यवस्थापन शीर्षकमा रू ३० करोड बजेट छुट्याएको सुदूरपश्चिम प्रदेशले चालु आर्थिक वर्षको ११ महिना अवधिसम्ममा उक्त रकम खर्च गर्न सकेको छैन। रासस

# दूधको अनुदान कटौती गरेपछि किसानको विरोध

भरतपुर । चितवनका दुग्ध किसानले प्रदेश सरकारबाट पाउँदै गरेको अनुदानलाई निरन्तरता दिन माग गरेका छन्।

बागमती प्रदेश सरकारले किसानलाई दूधमा उपलब्ध गराउँदै आएको अनुदान रकम चितवनका तीन स्थानीय तहमा रोक्ने निर्णय गरिएपछि किसानले तत्काल अनुदान रकम उपलब्ध गराउन माग गरेका हुन्।

भरतपुरमा पत्रकार सम्मेलन गरी तत्काल अनुदान रकम उपलब्ध नगराइए कडा आन्दोलन गर्ने चेतावनी किसानले दिएका छन्।

प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० को स्वीकृत कार्यक्रममा चितवनको भरतपुर महानगरपालिका, राप्ती नगरपालिका र माडी नगरपालिकालाई अनुदान दिँदा दोहोरो सुविधा हुने भन्दै अनुदान दिन रोकिएको छ । चितवनको भरतपुर महानगरपालिकाले उत्पादनका आधारमा दूधमा प्रतिलिटर रु तीन अनुदान दिँदै आएको छ। माडी नगरपालिकाले रु चार र राप्ती नगरपालिकाले ५० पैसा दिँदै आएको छ । सोही कारण देखाउँदै प्रदेश सरकारले तीन स्थानीय तहका किसानलाई दोहोरो अनुदान नदिने भन्दै रोक लगाएपछि किसान असन्तुष्ट बनेका हुन्।



जिल्ला दूध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले किसानलाई अनुदान उपलब्ध नगराइएको भन्दै आइतबार प्रदेशको कृषि मन्त्रालय घेराउ गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो।

उहाँले किसानका समस्याप्रति सरकार उदासिन बनेका कारण सधैँ मारमा पर्ने गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "लम्पी स्कीनबाट गाई ढलेका ढल्यै छन्, दूधको उत्पादन घटेको छ, यही समयमा बीमा कम्पनीले बीमा गरेको छैन, डेरीले दूध उठाएको छैन।"

किसानको खातामा पैसा आउने बेला सरकारको निर्णयले पीडामाथि पीडा थपेको बगालेले गुनासो गर्नुभयो। रासस

# नेप्से परिसूचक दोहोरो अङ्कले बढ्यो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार दोहोरो अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २८ दशमलव ३८ अङ्कले उकालो लागेर दुई हजार ७७ दशमलव ७६ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक छ दशमलव ३५ अङ्कले उकालो लागेर तीन सय ८८ दशमलव ५१ मा पुगेको छ । त्यस्तै, कारोबार भएका कूल १३ उपसमूहको शेयर मूल्यमा नै उकालो लागेको छ।

कूल ८३ लाख ५२ हजार पाँच सय ७६ कित्ता शेयर रू तीन अर्ब चार करोड २५ लाख ४३ हजार नौ सय ६१ मूल्यमा खरिद बिक्री भएका छन्।

कारोबारका आधारमा हिमालयन लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रू १८ करोड ६० लाख ७२ हजार बराबरको कारोबार भएको छ।

शिवम् सिमेन्ट रू १६ करोड ३६ लाख ५१ हजार एक सय ४३, सोल्टी होटल रू १४ करोड आठ लाख ४८ हजार आठ सय २६, अरुण काबेली पावर रू १२ करोड एक लाख ९८ हजार नौ सय ३६ र माथिल्लो तामाकोशी रू १० करोड ६२ लाख ६८ हजार चार सय ४३ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार, रावा इनर्जी नौ दशमलव ९८, सिटी होटल नौ दशमलव ५१, प्रभु बैंकको ऋणपत्र आठ दशमलव २२, सनराइज बैंकको ऋणपत्र आठ दशमलव २१ र सिटिजन म्युचुअल फण्डका लगानीकर्ताले आठ प्रतिशतले कमाएका छन्।

त्यस्तै, माथिल्लो तामाकोशी छ दशमलव ६५, बीपीडब्ल्यू लघुवित्त चार दशमलव ४३, लिवर्टी इनर्जी तीन दशमलव ६०, जोशी हाइड्रोपावर तीन दशमलव ४९ र पिपल्स पावर कम्पनीका लगानीकर्ताले दुई दशमलव ९९ प्रतिशतले गुमाएका छन्। रासस

# पर्यावरण संरक्षणका लागि ६ लाख विरुवा रोपिने

**रञ्जन यादव**

कलैया। पर्यावरण तथा मौसम परिवर्तनमा सराहनीय भूमिका देखाउन डिभिजन वन कार्यालय सिमरा बाराले यस वर्ष छ लाख विरुवा रोप्ने लक्ष्य राखेको छ।

जिल्ला वन कार्यालय मातहत रहेका ५ वटा नर्सरीबाट उत्पादन भएका विभिन्न प्रजातिका विरुवा वितरण गर्ने कार्यक्रम रहेको डिभजन वन कार्यालयका प्रमुख विनोद सिंहले बताए।

जिल्लाका ४ वटा निर्वाचन क्षेत्रको तामागढी नर्सरीबाट २५ हजार, कोल्हवीबाट ७५ हजार, खैरातीमाईबाट एक लाख, कलैयाबाट २ लाख र बरियारपुरबाट २ लाख गरी छ लाख विरुवा वितरण गरिने छ।

यसैगरी,डिभिजन वन कार्यालय सिमरामा यस वर्ष एक लाखको संख्यामा दुई वर्षे विरुवा लगाइएको छ।

सार्वजनिक ठाउँ, सामूहिक एवम् आन्तरिक कार्यक्रमको लागि विरुवा वितरणको कार्य सुरु भए पनि स्थानीय किसान वा निजी जग्गामा वृक्षरोपण गर्न असार २५ गते सोमबारदेखि सबै नर्सरीबाट निःशुल्क रुपमा विरुवा वितरण गरिने सहायक वन अधिकृत एवम् सूचना अधिकारी जवाहर कुर्मीले जानकारी दिए।

चार वटा साझेदारी तथा छ वटा सामूहिक वनले पनि विगत दुई वर्षदेखि विरुवा रोप्ने कार्यक्रम गर्दै आएका छन्।

गढीमाई साझेदारी वन व्यवस्थापन समिति पथलैया, हलखोरिया साझेदारी वन व्यवस्थापन समिति डुम्मरवाना, सहजनाथ साझेदारी वन व्यवस्थापन समिति र तामागढी साझेदारी वन व्यवस्थापन समितिले पनि विरुवा रोप्ने कार्यक्रम निर्धारण गरेका उनले बताए। विजयसाल, महोगनी, सखुवा, अमला, बेल, रिठा, राजवृक्ष, सिसौ, मसाला, टिक,



जामुन, अम्बा र खयरलगायतका विरुवा तयारी अवस्थामा रहेको सूचना अधिकारी कुर्मीले बताए।

यसैगरी,गढीमाई साझेदारी वन व्यवस्थापन समूहले १५ वटा साविक गाविसमा निःशुल्क रुपमा आँप, लिच्ची, कटहरलगायतका फलफूलका विरुवा लगाउन बाहिरको निजी नर्सरीमा टेण्डर आह्वान गरेका छन्।

दिनानुदिन बढ्दै गएको वायु प्रदूषणलाई विरुवा रोपेर शुद्धीकरण गर्नुको साथै वातावरण स्वच्छ राख्नको लागि हरियाली जिल्ला बनाउनमा साझेदारी वनको दायित्व पूरा गर्न यसरी गाउँटोलका स्थानीयलाई घरपिच्छे दुईटा विरुवा वितरण गर्ने कार्यक्रम रहेको गढीमाई साझेदारी वनका अध्यक्ष शिवजीप्रसाद साहले बताए। गत वर्ष डिभिजन वन कार्यालय सिमरा बाराले सात लाख विरुवा वितरण गरेको थियो। जिल्लाका १६ स्थानीय पालिकामा डिभिजन वन कार्यालयले विरुवा वितरण गरेकोमा ७५ प्रतिशत विरुवा उम्रिन सफल भएको वन कार्यालयले जनाएको छ। वन अतिक्रमित क्षेत्रमा करीब २० हेक्टर ऐलानी जग्गामा ३२ हजार विरुवा लगाइएको छ।

यसैगरी, विगत तीन वर्षको अवधिमा निर्माणाधीन रहेको काठमाण्डु तराई जोड्ने फास्ट-ट्र्याक क्षेत्रमा नोक्सानी तथा कटान गरिएका रुखको सट्टा ५ सय हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको वन कार्यालयले जनाएको छ।

# मुख्य न्यायाधिवक्ताहरुद्वारा नौ बुँदे घोषणापत्र

**टुडे समाचारदाता**

जनकपुरधाम। मुख्य न्यायाधिवक्ताको चौथो राष्ट्रिय सम्मेलनले नेपालको संविधानको अनुसूची ७ र ९ मा रहेका साझा अधिकारका विषय तत्काल परिभाषित गर्न माग गरेको छ। जनकपुरधाममा आयोजित दुईदिने सम्मेलनले नौ बुँदे घोषणापत्र जारी गरी संविधानमा रहेका साझा अधिकारसँग सम्बन्धित विषय परिभाषित गरी तीनै तहको अधिकारका सीमा स्पष्ट गर्न माग गरेको छ।

सम्मेलनले मुख्य न्यायाधिवक्ताका अधिकार सुनिश्चित गर्न संविधान संशोधन र आवश्यक कानुन निर्माणका लागिसमेत जोडदार माग गरेको छ। "प्रदेश कानुनमा समावेश भएका र समावेश हुने सजायसम्बन्धी अनुसन्धान र अभियोजनलगायतका काम मुख्य न्यायाधिवक्ताको कार्यालयले गर्ने गरी संविधान संशोधन र आवश्यक कानुन निर्माणका लागि जोड्दार माग गर्दछौं", घोषणापत्रमा भनिएको छ।

त्यसैगरी,प्रदेश 'प्रोवेशन' तथा 'प्यारोल बोर्ड'लगायतका कानुनी प्रावधानको कार्यान्वयनका लागि नियमावलीलगायत आवश्यक कानुन तत्काल निर्माण गर्न सरोकारवाला सबै पक्षसंग आग्रह गरिएको छ। सम्मेलनमार्फत मुख्य न्यायाधिवक्ताले नेपालको




संविधान, मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवा शर्तसम्बन्धी ऐन र मुलुकी फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वय ऐनमा भएका कानुनी व्यवस्था बमोजिमका अधिकार सङ्घीयताको मर्म र भावना अनुरुप नै प्रदेशमा एकरुपता कायम गर्ने गरी कार्यान्वयन गर्ने प्रतिबद्धतासमेत जाहेर गरेका छन्।

"सम्मेलन सङ्घीयताको मर्म र भावनाअनुरुप नै प्रदेशमा एकरुपता कायम गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ", अगाडि भनिएको छ, "अदालतबाट भएका फैसला कार्यान्वयनका लागि जिल्ला सरकारी वकिल कार्यालय र उच्च सरकारी वकिल कार्यालयलगायत सम्बद्ध कार्यालयसँग समन्वय गरी कानुनी शासनलाई थप सुदृढ बनाउन यो सम्मेलन प्रतिबद्धता व्यक्त गर्दछ।"

सम्मेलनले प्रदेशमा कानुन निर्माण गरी शान्ति सुरक्षालाई थप सुदृढ गर्न र प्रदेशको भूमिकालाई प्रभावकारी बनाउन भूमिका खेल्ने पनि प्रतिबद्धता व्यक्त गरेको छ।

सम्मेलनले मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहने न्यायाधिवक्तालगायतका कर्मचारीको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने व्यवस्था भएकामा प्रदेश लोकसेवा आयोगमार्फत प्रदेशमै सो अधिकार प्रयोग गर्ने गरी संविधान संशोधनका लागि सरोकारवाला पक्षसँग माग गरेको छ।

यसका अतिरिक्त सातै प्रदेशमा रहेका बालसुधार गृह बालमैत्री नभएको, क्षमताभन्दा बढी बालबालिका राखिएको, आवश्यकता अनुसारको शिक्षा आर्जन गर्ने उपयुक्त वातावरण नभएकाले बालसुधार गृहमा बालबालिकाको मानवअधिकारको संरक्षण गर्न सम्बन्धित निकायलाई आह्वान गरिएको छ।

यसअघि यही असार १५ र १६ गते पोखरामा सम्पन्न मुख्यमन्त्रीको राष्ट्रिय भेलाबाट पारित घोषणापत्र र अन्तरप्रदेश समन्वय परिषद् को बैठकबाट भएका निर्णयप्रति पूर्ण ऐक्यबद्धता प्रकट गर्दै ती निर्णय तत्काल कार्यान्वयन गर्न पनि सम्मेलनले आग्रह गरेको मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरले जानकारी दिए।

सम्मेलनमा कोशीबाहेक छ प्रदेशका मुख्य न्यायाधिवक्ता क्रमशः मधेशप्रदेशबाटवीरेन्द्रकुमार ठाकुर, सुदूरपश्चिमबाट कुलानन्द उपाध्याय, कर्णालीबाट नरबहादुर खड्का, लुम्बिनीबाट डा. बुद्धबहादुर थापा क्षेत्री, गण्डकीबाट चिरञ्जीवी शर्मा पौडेल र बागमतीबाट ज्ञानेन्द्र नेपाल सहभागी थिए।

# उपमेयर मीरालाई थप ५ दिन थुनामा राख्न अनुमति

**टुडे समाचारदाता**

राजविराज। सप्तरी जिल्ला अदालतले नागरिकता मुद्दामा सप्तरीकोडाक्नेश्वरीनगरपालिकाकी उपप्रमुख मीराकुमारी यादवलाई आइतबार थप ५ दिन थुनामा राख्ने अनुमति दिएको छ।

अदालतले नागरिकता मुद्दामा अनुसन्धान गर्न प्रहरीलाई थप ५ दिन थुनामा राख्न आदेश दिएको छ। नागरिकतासम्बन्धी कसुरमा गत बिहीबार सप्तरी अदालतले उपमेयर यादवलाई ३ दिन थुनामा राख्न अनुमति दिएको थियो।

सोही मुद्दाका अर्का आरोपी उनका पति महेन्द्रकुमार यादव भने



अझैसम्म फरार छन्।

यस सम्बन्धमा सप्तरीका प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्कीले उपमेयर मीरालाई अनुसन्धान गर्न थप ५ दिनको म्याद थप भएको बताए

# आमाको हत्या गर्ने छोरा पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा प्रहरीले आफ्नै सौतेनी आमाको हत्या गरेको आरोपमा एक युवकलाई पक्राउ गरी सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ का १९ वर्षीय प्रेमकुमार भगत रहेका छन्।

भगतलाई उनकी कान्छी आमा ३९ वर्षीया मीरादेवी भगतले बासी भात खान दिएको रिसको झोकमा विवाद भएको थियो। पछि उनले काठको चिरपट प्रहार गरी आमाको हत्या गरेको आइतबार पत्रकार सम्मेलनको आयोजना गरी धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले जानकारी दिए।

'आमासँग खाना माग्दा बासी भात खान दिएको र आफू बासी भात खान्न बरु होटेलमा गएर खाना खान्छु भन्दा आमाले आफूलाई बुवाको समेत नाम जोडेर अनेक प्रकारको अपशब्द प्रयोग गरी गालीगलौज गर्दा आवेशमा



आएर आमालाई धक्का दिँदा आमा भुँइमा लडेको कुरा प्रेमले स्वीकार गरेको छ', उनले भने।

तत्पश्चात् आमाले आफूलाई त्यहाँ रहेको काठको चिरपटले हान्न खोज्दा आफूले सो चिरपट खोसेर आमाको पिठ्युँमा हान्दा टाउकोमा लागेर सोही ठाउँमा आमाको मृत्यु भएको कुरासमेत उनले बताएको एसपी खड्काले जानकारी दिए। मीरा देवीको मृत्यु भए लगत्तै आत्तिएर प्रेमले उनको शरीरमा आगो लगाइ जलाएको प्रहरीले जनाएको छ।

महिला धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ का अशोक जैसवालको घरमा डेरा गरी बस्ने भारतको वेतिया जिल्ला नरकटियागंज थाना केयुनिया बस्ने राजु भगतकी कान्छी श्रीमती छन्।

# कार्यालय संचालनको माग

**टुडे समाचारदाता**

जलेश्वरामहोत्तरीकोरामगोपालपुर नगरपालिकामा एकीकृत सेवा केन्द्र हुनुपर्ने माग राख्दै नगरवासीहरु आन्दोलित भएका छन्। स्थानीयवासीहरु रामगोपालपुरमा नापी र मालपोत सेवा कार्यालय हुनुपर्ने माग राख्दै बजार र सडक बन्द गराएका छन्।

आइतबार बिहान ९ बजेदेखि नै मुख्य चोकमा धर्ना दिँदै स्थानीयवासीहरुले चक्काजाम र बजार बन्द गरेका छन्। चक्काजामका कारण जलेश्वरबाट औरही हुँदै बर्दिबास जाने यातायात पूर्णतः बन्द छ भने रामगोपालपुर बजार पनि बन्द भएको छ। रामगोपालपुर नगरपालिकाका नगरप्रमुख रामदुलार साहले चार सूत्रीय माग राख्दै नगरवासी आन्दोलित भएको बताए।

उनले ०७८ चैत २१ गतेको मन्त्रिपरिषद्को निर्णय खारेज गर, रामगोपालपुरमा मालपोत र नापी कार्यालयको शाखा कार्यालय कायम गर, रामगोपालपुरको वडानं.१,२ र ९ को नागरिकता इलाका प्रशासन




कार्यालय रामगोपालपुरमै जारी गर, वडा नं.१,२ र ९ को विद्युत बिल रामगोपालपुरमै जारी गर माग राख्दै आन्दोलित हुनुपरेको बताए।

नगरप्रमुख साहले जिल्ला समन्वय समितिले रामगोपालपुरमा नै एकीकृत सेवा कायम गर्ने निर्णय गरे पनि ०७८ चैत २१ मा मन्त्रिपरिषद्ले निर्णय गरी गौशालामा सेवा केन्द्र स्थापना गरेको बताउँदै ती निर्णय खारेज गरेर रामगोपालपुरमै सेवा केन्द्र स्थापना आफूहरुको मुख्य माग रहेको बताए।

उनले नगरवासीहरुलाई नागरिकता र विद्युत बिल बुझाउन गौशाला र सदरमुकाम जलेश्वर जानुपर्ने बाध्यता रहेको बताउँदै यस्तो सौतेला व्यवहारविरुद्ध आन्दोलन गरेको जानकारी दिए।

रामगोपालपुर नगरपालिकामा नै इलाका प्रशासन कार्यालय रहे पनि वडा नं.१ बसविट्टी, वडा नं. २ मोहनपुर र टेङ्गरका बासिन्दालाई गौशाला तथा वडा नं. ९ खोपीका बासिन्दालाई नागरिकता बनाउन सदरमुकाम जलेश्वर जानुपर्ने बाध्यता रहेको भन्दै यो निर्णय एकदमै अव्यावहारिक रहेको प्रतिक्रिया नगरप्रमुख साहले दिए।

उनले असार ३१ गतेसम्म तीन घण्टा बजार र यातायात बन्द गराउने र त्यसपछि पनि माग सम्बोधन नभए अनिश्चितकालीन आम हडताल गर्ने आन्दोलनको स्वरुप रहेको जानकारी दिए।

# पाठ्यक्रमलाई अन्तिम रुप दिन सुझाव संकलन

**टुडे समाचारदाता**

वीरगञ्ज। चालु शैक्षिक सत्रबाट कानुन र सामान्य जनप्रशासन संकायको कक्षा सञ्चालनका सन्दर्भमा मधेश विश्वविद्यालयले पाठ्यक्रमलाई अन्तिम रुप दिन सरोकारवालासँग सुझाव संकलन सुरु गरेको छ।

स्थापनाकालदेखि नै भौतिक पूर्वाधार र जनशक्तिको अभाव खेप्दै आएको मधेश विश्वविद्यालयले चालु शैक्षिक सत्रदेखि बीए, एलएलबी र सामान्य जनप्रशासन संकायको कक्षा सञ्चालन गर्ने तयारीमा रहेको छ।

यसका लागि प्रारम्भिक कार्यहरू पूरा गरी मधेश विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाण्डु विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रमलाई अन्तिम रूप दिन मधेश प्रदेशका आठवटै जिल्लाका सरोकारवालासँग विश्वविद्यालयले छलफल सुरु गरेको उपकुलपति दीपक शाक्यले जानकारी दिए।

"हामीले यही शैक्षिक सत्रबाट कानुन र सामान्य जनप्रशासन गरी दुईवटा संकायको कक्षा सञ्चालन गर्ने तयारीमा छौं", उनले भने, "त्यसका लागि हामी पाठ्यक्रम निर्माण गरेर त्यस विषयमा सरोकारवालासँग छलफल गरी सुझाव लिइरहेका छौं।" पाठ्यक्रम निर्माण समितिका संयोजक डा.युवराज सङ्गौला नेतृत्वको टोलीले जिल्ला-जिल्लामा पुगेर संकलन गरेको सुझावसहितको प्रतिवेदन पेश गर्छन्, यसलाई एकेडेमिक काउन्सिलले पास गरेपछि हामी भर्ना प्रक्रिया सुरु गर्छौं, उनले भने।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाण्डु विश्वविद्यालयको समन्वयमा यी दुबै संकायको पठनपाठन सुरु गर्ने तयारी गरिएको छ। त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको जनाएको छ।

मधेश विश्वविद्यालयद्वारा वीरगञ्जमा आयोजित कानुन विषयका पाठ्यक्रमसम्बन्धी छलफलमा सहभागी सरोकारवालाले पाठ्यक्रममा समेट्नुपर्ने विषयमा आ-आफ्ना सुझाव दिएका थिए। गत २०७९ वैशाख १४ गते मधेश प्रदेशसभाद्वारा मधेश विश्वविद्यालय ऐन, २०७९ जारी भइ ०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले वीरगञ्जस्थित नेशनल ट्रेडिङको भवन लिजमा लिइ कार्यालय सञ्चालन गर्दै आएको छ।

पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङलगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेश प्रदेशलाई प्राविधिक शिक्षा हबका रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेश विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि विस्तृत आयोजना प्रतिवेदन




(डिपिआर) तयारीमा जुटेको बताइन्छ।

"विश्वविद्यालय सञ्चालन गर्न जग्गा चाहिन्छ, त्यसका लागि लामो समयको प्रयासपश्चात पर्साको ठाउँ-ठाउँमा जग्गा प्राप्त भएको छ", उपकुलपति शाक्यले भने, "स्थानीय तहका जनप्रतिनिधि तथा स्थानीयको सहयोगमा प्राप्त भएका ऐलानी र गुठी संस्थानको जग्गाको स्वामित्व विश्वविद्यालयमा ल्याउने प्रक्रियामा लागेका छौं।"

जग्गाको स्वामित्व विश्वविद्यालयमा हस्तान्तरण नहुदाँसम्म डिपिआर बनाउन सकिँदैन, डिपिआर नबनाई भौतिक संरचना बन्न सक्दैन, त्यसकारण जग्गाको स्वामित्व छिटोभन्दा छिटो हस्तान्तरणको प्रयासमा जुटेको उपकुलपति शाक्यको कथन छ।

मधेश विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको छ भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ्ठ (राधाकृष्ण मन्दिर) को २७ बिघा जग्गा पाएको छ। बहुदरमाई नगरपालिका-२ मा प्राप्त भएको जग्गालाई सिमांकन गरी पिलर जडान गरिएको भने पोखरिया नगरपालिकाको १६ बिघा जग्गाको स्वामित्व मधेश विश्वविद्यालयमा हस्तान्तरणका लागि वडा कार्यालयबाट सिफारिस भइ अन्य प्रक्रियामा रहेको विश्वविद्यालयले जनाएको छ। स्वामित्व हस्तान्तरणका क्रममा रहेको बहुदरमाईको जग्गामा आवश्यक भौतिक पूर्वाधार संरचना निर्माण गर्न डिपिआर तयार पार्ने काम सुरु भइसकेको विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले जानकारी दिए।

विश्वविद्यालयले वीरगञ्ज महानगरपालिका १७ र १८ मा रहेको १७ बिघा जग्गामा केन्द्रीय कार्यालय बनाउने योजनामा रहेको रजिष्ट्रार यादवले बताए। मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा मधेश विश्वविद्यालयका लागि रु १० करोड अनुदान रकम छुट्याए पनि विश्वविद्यालयले बल्लतल्ल दुई महिनाअघि मात्र रु पाँच करोड बजेट पाएको छ। "धेरै प्रयास गर्दा दुई महिनाअघि मात्र रु १० करोडमध्ये रु पाँच करोड बजेट आयो", रजिष्ट्रार यादवले भने, "बजेट आएसँगै हामीले कार्यालय व्यवस्थासँगै कक्षा सञ्चालनको तयारीमा जुटेका छौं।" यसबाहेक वीरगञ्ज महानगरपालिकाको सहयोगमा विश्वविद्यालयको केन्द्रीय कार्यालयको कम्पाउण्ड वाल निर्माणलगायतका काम अन्तिम चरणमा पुगेको छ। मधेश विश्वविद्यालयले आफूलाई चाहिने विश्वविद्यालय सङ्गठन, शैक्षिक र प्रशासन नियमावली, २०७९, शिक्षक, कर्मचारी सेवा नियमावली, २०७९, आर्थिक प्रशासन नियमावली, २०७९ बनाई पारित गरिसकेको छ। आफ्नै केन्द्रीय क्याम्पस खोल्ने दीर्घकालीन सोच बनाएको विश्वविद्यालयको डिपिआर तयार भएपछि भौतिक संरचना निर्माणका लागि विभिन्न दूतावास, राष्ट्रिय योजना आयोग, मन्त्रालय तथा दाताबाट रु दुई सय ५० करोड चन्दा सङ्कलन गरी निर्माण गरिने लक्ष्य लिएको रजिष्ट्रार यादवले बताए।

आवश्यकता र औचित्यका आधारमा आवश्यक जनशक्ति भर्ना गर्न सकिने अधिकार पाएको मधेश विश्वविद्यालयमा हाल उपकुलपति, राजिष्ट्रारबाहेक तीन जना प्रशासनतर्फका र चार जना कार्यालय सहयोगीकार्यरतछन्।विश्वविद्यालयको कुलपति मधेश प्रदेशका मुख्यमन्त्री रहने व्यवस्था छ।

# करेन्ट लाग्दा एकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा कमला नगरपालिका वडा नं. २ माचि झिटकैयाका ५५ वर्षीय सूर्यदेव ठाकुर बरहीको रहेको प्रहरीले जनाएको छ।

आफ्नै खेतमा सिँचाइ गर्न लागि मोटर जडान गर्ने क्रममा करेन्ट लागेर बरहीको मृत्यु भएको छ। शनिबार बिहान आफ्नै खेतमा धानको बीउमा पानी हाल्न स्थानीय सत्यनारायण यादव (सत्ते) ले ओछ्याएको मोटरको तार हटाउने क्रममा उनलाई करेन्ट लागेको थियो

उनको घटनास्थलमै मृत्यु भएको धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए। प्रहरीले घटनास्थलको स्थलगत मुचुल्का गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको छ।

तार ओछ्याएर छाड्ने सत्यनारायणको खोजी गर्ने र घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

## आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८